# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक ११२ | काठमाडौं | आइतबार, २९ साउन २०७९ | Prabhab National Daily, | Sunday, Aug 14, 2022 | URL : www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


सरकारले भन्यो-

## मिटरब्याजीविरूद्ध उजुरी दिनूस्

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले मिटरब्याजीविरुद्ध बढीभन्दा बढी तथ्य र प्रमाण जुट्ने गरी स्थानीय प्रशासन कार्यालयमा उजुरी दिन पीडितहरूलाई आह्वान गरेको छ । मिटरब्याजी अपराध नियन्त्रणका लागि गृह मन्त्रालयअन्तर्गत गठित कार्यदलका संयोजक डा. भीष्मकुमार भूसालले शनिबार सूचना जारी गरी आगामी भदौ ५ गतेभित्रमा उजुरी दर्ता गर्न आग्रह गरेका छन् ।

'मुलुकभर नै मिटरब्याजीको जालो फैलिएको हुनसक्ने अवस्थालाई मध्यनजर गरी मिटरब्याजपीडितबाट त्यस्ता मिटरब्याजीले गरेका अपराध र शोषणविरुद्ध आ-आफ्नो जिल्लास्थित प्रशासन कार्यालयमा

### आगामी भदौ ५ गतेभित्रमा उजुरी दर्ता गर्न आग्रह

आगामी भदौ ५ गतेभित्र यथासम्भव बढी तथ्य र प्रमाणसहित उजुरी दर्ता गर्न सार्वजनिक सूचना जारी गरिएको छ,' सूचनामा भनिएको छ ।

मिटरब्याजीहरूले निरक्षर, गरिब तथा आर्थिकरूपले अप्ठ्यारो परिस्थितिमा रहेका व्यक्तिमाथि गरेको शोषणको शृंखलाले सयौं परिवारको बिचल्ली भएको समाचार सार्वजनिक भइरहेको मन्त्रालयले जनाएको छ । त्यस्ता आर्थिक अपराधमा संलग्नलाई कानुनको दायरामा ल्याई कारबाही गर्ने प्रक्रिया चलिरहेको मन्त्रालयले जनाएको छ । अझै धेरै पीडितहरू आफ्नो पीडा सार्वजनिक गर्न वा कानुनी उपचारका लागि पहल गर्न नसक्ने अवस्थामा रहेको मन्त्रालयको निष्कर्ष छ ।

मन्त्रालयले कार्यदल गठन भएको एक घण्टाभित्रैमा नवलपरासी पश्चिमको प्रतापपुर र सुस्ता गाउँपालिकाबाट संगठित भई काठमाडौं माइतीघर मण्डलमा धर्ना दिँदै आएका मिटरब्याज तथा ठगीविरुद्ध किसान, मजदुर संघर्ष समितिसँग काठमाडौंका प्रमुख जिल्ला अधिकारीको नेतृत्वको टोलीले वार्तासमेत गरिसकेको जनाएको छ । उक्त समस्या नवलपरासीमा मात्रै नभई अधिकांश जिल्लाहरूमा रहेको हुनसक्ने भएकाले स्थानीय प्रशासनमा उजुरी दर्ता गर्न आह्वान गरिएको हो ।

गृह मन्त्रालयले शुक्रबारमात्रै मन्त्रालयका सहसचिव भूसालको संयोजकत्वमा प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोका प्रहरी वरिष्ठ उपरीक्षक दिनेश आचार्य, गृह मन्त्रालयका कानुन उपसचिव श्रीकृष्ण पौडेल, काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक कृष्णप्रसाद कोइराला, राष्ट्रिय अनुसन्धान विभागका उपअनुसन्धान निर्देशक मुकुन्द मरहट्टा सदस्य रहेको कार्यदल गठन गरेको थियो ।

कार्यदलको सदस्य सचिवमा ब्यूरोका प्रहरी नायब उपरीक्षक रोशन खड्कालाई तोकिएको छ । कार्यदललाई एक महिनाभित्र प्रतिवेदन बुझाउने कार्यादेश दिइएको छ । कार्यदललाई मिटरब्याजी समस्या बढी भएका जिल्लामा स्थलगत भ्रमण गरी समस्याका कारण तथा समाधानका उपाय पहिचान गर्ने, मिटरब्याजीमा संलग्न व्यक्तिलाई कारबाहीको दायरामा ल्याउन अन्तरनिकाय समन्वय र सहकार्य गर्ने तथा आगामी दिनमा यस्तो अपराध न्यूनीकरण गर्न अवलम्बन गर्नुपर्ने उपायका सम्बन्धमा सिफारिससहितको प्रतिवेदन पेस गर्ने जिम्मेवारी छ ।

# कांग्रेसमा फेरि किचलो

## शेखर समूहले माग्यो ४० प्रतिशत



■ प्रभाव संवाददाता

**काठमाडौं–** निर्वाचन नजिकिँदै गर्दा सत्ताको नेतृत्व गरिरहेको दल नेपाली कांग्रेसभित्र किचलो सुरु भएको छ । हुन त कांग्रेसभित्र, गुट-गुटका भेला हुनु, नेताहरूको एकअर्काप्रति खुलेरै कडारूपमा प्रस्तुत हुनु त्यति नौलो मानिँदैन । तर, सभापति शेरबहादुर देउवाको नेतृत्वमा सरकार रहेको र आउँदो निर्वाचनमा वर्तमान गठबन्धनबीच नै तालमेल गर्ने औपचारिक निर्णय भइसकेपछि देखिन थालेको किचलोलाई भने अर्थपूर्णरूपमा हेरिएको छ । यसको मुख्य कुरा भनेको भागबण्डा नै हो ।

गठबन्धनबीच पार्टीलाई प्राप्त हुने सिट बाँडफाडका क्रममा सभापति देउवाले आफ्नो समूहलाई न्याय गर्न नसक्ने आशंकासहित डा. शेखर कोइरालापक्ष छुट्टै छलफलमा जुट्न थालेको छ । सभापति देउवालाई दबाब बढाउन यो समूहले शनिबार काठमाडौंमा छुट्टै भेला गर्‍यो । यद्यपि, कार्यव्यस्तता देखाउँदै समूहका प्रमुख नेता

> न्यायोचित निर्णय गर्नुहुन्न भने ४० प्लस चाहियो । सभापतिको अभिभावकीय ठाउँबाट सोचेर अगाडि बढाउनुभएको भए यो विवाद आउने थिएन । अब अस्तित्वको लडाइँ लड्नुपर्ने भयो ।
>
> ■ **गुरूराज घिमिरे**

कोइराला र महामन्त्री गगन थापा भने भेलामा सहभागी भएनन् ।

यो समूहले कांग्रेसका भ्रातृ संस्थाहरूको पुनर्गठनमा सभापति देउवाले एकलौटी मनोनयन गरेको आरोप लगाउँदै आएको छ । नेपाल विद्यार्थी संघ, नेपाल तरुण दल, नेपाल महिला संघलगायतका मुख्य भ्रातृ संस्थाको अध्यक्ष मनोनयन गर्दा देउवाले पार्टीभित्र कुनै परामर्श नगरेको भन्दै शेखर समूहको चित्त दुखाइ छ । गत बिहीबार मात्र सभापति देउवाले महिला संघको अध्यक्षमा उषाकुमारी राउत मिश्रलाई नियुक्त गरेका थिए ।

कोइराला नेतृत्वको संस्थापनइतर समूहले भ्रातृ संस्था गठन र पूर्णता दिने विषयमा परामर्श र सहमति गर्न माग गरे पनि संस्थापनपक्ष एक्लै अगाडि बढिरहेको छ । सभापति देउवाले यसअघि नेविसंघमा डुजाङ शेर्पा र तरुण दलमा विद्वान गुरुङलाई मनोनीत गरिसकेका छन् । यस्तै, नेपाल किसान संघमा गणेश तिमिल्सिना र नेपाल आदिवासी जनजाति संघमा ओमबहादुर घर्तीलाई अध्यक्षमा मनोनीत गरिसकेका छन् । यी सबै संस्थापन पक्षका हुन् । सभापति देउवाले कुनै पनि भ्रातृ संस्थाको नेतृत्व दिन नचाहेपछि संस्थापनइतर आक्रोशित छ ।

शनिबार बसेको शेखर समूहका पदाधिकारी र केन्द्रीय सदस्यहरूको भेलाले पनि सभापति देउवाले पार्टीमा न्यायोचित व्यवहार (**बाँकी पृष्ठ ३ मा**)

### मनोनयनपत्र देउवाले दिने, दल दर्ता पौडेलले गर्ने

शनिबार बसेको नेपाली कांग्रेसको केन्द्रीय कार्यसम्पादन समितिको बैठकले विभिन्न पाँचवटा निर्णय गरेको छ । जसअनुसार आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्यको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचनमा भाग लिनका लागि नेपाली कांग्रेसलाई निर्वाचन आयोगमा दर्ता गर्ने निर्णय गरेको छ ।

त्यसबारे सम्पूर्ण प्रक्रिया पूरा गर्न केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेललाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरिएको छ । त्यस्तै, प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्यको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचनमा पार्टीका तर्फबाट खडा गरिने उम्मेदवारलाई उम्मेदवार मनोनयनको औपचारिक पत्र प्रदान गर्नका लागि सभापति शेरबहादुर देउवालाई जिम्मेवारी दिने निर्णय बैठकले गरेको छ ।

'२०७९ मंसिर ४ गते हुने प्रतिनिधिसभा सदस्यको प्रत्यक्ष र समानुपातिकतर्फको उम्मेदवारीका लागि पार्टी विधानको धारा ३२ (८) (क), (ख) र (ग) बमोजिम तथा प्रदेशसभा सदस्यको प्रत्यक्ष र समानुपातिकतर्फको उम्मेदवारीका लागि पार्टी विधानको धारा ३२ (७) (क), (ख) (ग) र (घ) बमोजिमको प्रक्रिया पुर्‍याई उम्मेदवारको नाम प्रस्ताव र सिफारिस गर्नका लागि पार्टीको सम्बन्धित निकायलाई उपयुक्त समयमा केन्द्रीय कार्यालयमार्फत निर्देश गर्ने,' बैठकको निर्णयमा भनिएको छ ।

कांग्रेसले प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्य निर्वाचन केन्द्रित राष्ट्रव्यापी अभियानको मिति परिवर्तन गरेको छ । यसअघि भदौ २ गतेदेखि सो अभियान सञ्चालन गर्ने भनिए पनि कार्य सम्पादन समितिले भदौ १० गतेदेखि २४ गतेसम्म अभियान सञ्चालन गर्ने निर्णय गरेको छ ।

**सन्दर्भ : वैदेशिक रोजगार**

# 'युवा वर्ग रोजगारीका लागि विदेशिनुपर्ने बाध्यता अन्त्य गर्नुपर्छ'

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री शेरबहादुर देउवाले देश विकासको लागि मेरुदण्ड मानिएका युवाहरू वैदेशिक रोजगारीमा विदेशिनुपर्ने बाध्यता रहेकामा चिन्ता व्यक्त गरेका छन् । राष्ट्रिय युवा परिषद्ले अन्तर्राष्ट्रिय युवा दिवसका अवसरमा शुक्रबार राजधानीमा आयोजना गरेको कार्यक्रममा प्रधानमन्त्री देउवाले देश विकासको अभियानमा क्रियाशील हुनुपर्ने युवा वर्ग रोजगारीका लागि विदेशिनु चिन्ताको विषय रहेको बताएका हुन् ।



उनले रोजगारीमा जाने क्रम न्यूनीकरण गर्दै युवा उद्यमशीलता विकास गर्नुपर्ने बताए । प्रधानमन्त्री देउवाले देश र समाजको विकासका लागि विशेष भूमिका निर्वाह गर्न युवा वर्गको योगदान अपरिहार्य रहेकाले युवाहरूको समग्र हित र अधिकारको विषयलाई व्यवस्थित तवरले अघि बढाउन स्वदेशमै रोजगारको सिर्जना गर्न आवश्यक रहेको बताए । उनले अन्तर्राष्ट्रिय युवा दिवसले युवा पिढीमा रहेका क्षमताको उजागर गरी दिगो विकास लक्ष्य हासिल गर्न सार्थक साझेदारका रूपमा सहयोग पुर्‍याउने अपेक्षा गरेको बताए ।

उनले वैदेशिक रोजगारीमा गएका नेपालीहरूको सीप, दक्षता, क्षमता र अनुभवलाई समन्वयात्मक र परिपूरक ढंगले प्रयोग गरी समुन्नत राष्ट्र निर्माणमा योगदान पुर्‍याउन सबैलाई आग्रह गरे । विभिन्न क्षेत्रमा अन्तर पुस्तागत सहकार्यका लागि चुनौती देखिएको उनको भनाइ थियो । 'देशभित्रै पर्याप्त अवसर सिर्जना गरी मुलुकका नवप्रतिभा र नवजनशक्तिलाई स्वदेशमै रोजगार मूलक र सिर्जनात्मक कार्यमा सरिक गराउनुपर्छ,' उनले भने, 'सरकार, निजी क्षेत्र तथा नागरिक समाज सबैले समन्वयात्मकरूपमा काम गर्नु अहिलेको आवश्यकता हो ।'

प्रधानमन्त्री देउवाले मुलुकमा शिक्षित युवालेहरूले समेत आफ्नो योग्यता र क्षमता अनुसारको काम र रोजगारी नपाउनु झन् दुःखद् रहेको बताए । उनले पढेलेखेका युवाहरू वैदेशिक रोजगारीमा विदेशिनुपर्ने बाध्यता रहेकामा चिन्ता व्यक्त गरे । उनले भने, 'चुस्त र व्यावहारिक कार्ययोजना तयार गरी युवा वर्गमा रहेको शैक्षिक बेरोजगारीलाई अन्त्य गर्न र विदेश पलायन हुनबाट रोक्न आवश्यक छ । यसका लागि निजी क्षेत्रको सहयोगका लागि पनि अपिल गर्न चाहन्छु ।'

प्रधानमन्त्री देउवाले खासगरी युवा वर्गलाई जीवनोपयोगी सीप र कौशल सिकाइ स्वदेशी माटोमै रम्न र सहजरूपमा जीविकोपार्जन गर्नसक्ने अवस्थामा पुर्‍याउन राष्ट्रिय युवा परिषद्ले युवा केन्द्रित गतिविधिको कार्य योजना निर्माण, युवा उद्यमशीलता विकास गर्न, युवा रोजगारी प्रवर्द्धन गर्न, विकास निर्माणमा युवा सहभागिता गराउन, युवा वर्गको नेतृत्व विकास गर्न कार्य सम्पादन तथा संयोजन गर्न महत्त्वपूर्ण भूमिका खेल्नुपर्ने बताए ।

## साउदीमा ९३ नेपालीले पाए 'एक्जिट भिसा'


■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगारीको सिलसिलामा साउदी अरेबिया पुगेर अवैध बसाईंमा परेका ९३ नेपाली कामदारले एक्जिट (बहिर्गमन) भिसा पाएका छन् । त्यहाँका विभिन्न कम्पनीमा कार्यरत भए पनि आवासीय अनुमतिपत्र (इकामा) नपाएर वा नवीकरण नभएर अवैधरूपमा बस्न बाध्य नेपाली कामदारहरूले नेपाल फर्किने भिसा पाएका हुन् ।

यसरी भिसा पाएका नेपालीहरूले दुई महिनाभित्र साउदी छाड्नुपर्ने कानुनी प्रावधान रहेको रियादस्थित नेपाली दूतावासले जानकारी दिएको छ । दूतावासका अनुसार साउदीमा रहेका ९३ जना कागजातविहीन नेपालीलाई नेपाल फर्काउन आवश्यक प्रक्रिया अगाडि बढाइएको थियो । इकामाको म्याद सकिएको तीन महिनाभन्दा बढी भइसकेका तथा साउदी पुगेको तीन महिनाभन्दा बढी समयसम्म इकामा नबनाइएका तथा कामको सिलसिलामा कम्पनी छाडेर भागेका र कागजातविहीन (हुरुब) भएका ९३ जनाको सूची दूतावासले सार्वजनिक गरेको छ ।

दूतावासले एक्जिट भिसा प्राप्त गरेका सूचीमा नाम भएकाहरूलाई दूतावासमा उपस्थित हुन आग्रह गरेको छ । एक्जिट भिसा प्रक्रिया निःशुल्क हुने जानाइए पनि नेपाल फर्कने हवाई टिकट शुल्क भने सम्बन्धित व्यक्तिले बेहोर्नुपर्ने दूतावासले जनाएको छ । साउदी अरेबियाले यसअघि पनि विभिन्न मितिमा पासपोर्ट नभई बसेका कामदार, कम्पनीले पासपोर्ट खोसेका कामदार, श्रम स्वीकृतिको अवधि सकिएका कामदार, स्थानीय परिचयपत्र (आकामा) नबनाएका, हराएका वा जफत गरिएका कामदारलाई स्वदेश फिर्ता हुन पाउने अवसर दिँदै आएको दूतावासले जनाएको छ ।





**जात्राको रौनह** | काठमाडौंको बौद्धमा शनिबार आयोजित रोपाइँ जात्राको अवलोकन गर्दै सर्वसाधारण ।

तस्बिर सौजन्यः सुरज रुम्बा

# फोहोरका कारण मुख्य प्रवेशद्वार नै बन्द

■ **शर्मिला पाठक**



**काठमाडौं–** नियमितरूपमा फोहोर व्यवस्थापन हुन नसक्दा कालीमाटी तरकारी बजार प्रवेश गर्ने मुख्य प्रवेशद्वार नै बन्द भएको छ । कालीमाटीबाट तरकारी बजार प्रवेश गर्नका लागि तीन प्रवेशद्वार रहेकामा दुई स्थानबाट सवारीसाधन आवतजावत गर्ने र एक मानिसका लागि बनाइएको हो । दुई महिनादेखि कालीमाटी क्षेत्रको फोहोर व्यवस्थापन हुन नसक्दा तरकारी बजारबाट निस्केको फोहोर र घरबाट निस्केको फोहोरसमेत मानिस आवतजावत गर्ने प्रवेशद्वारमा फल्ने गरिएकाले अहिले उक्त स्थानबाट आवतजावत गर्न सकिने अवस्था छैन ।

फोहोरकै कारण मानिसले यो प्रवेशद्वार प्रयोग गर्न नपाएको कालीमाटीमा केरा बेच्दै आएकी रमिता लामाको भनाइ छ । उनका अनुसार दुई महिनादेखि यस क्षेत्रमा फोहोरको गाडी आएका छैनन् । कालीमाटीमा गाडी रोकेर यात्रु ओराल्ने र चढाउने स्थानमा पनि फोहोरको डंगुर थुपारिएकाले यात्रुलाई समस्या पर्नाका साथै फुटपाथमा आवतजावत गर्नसमेत कठिन छ ।

कालीमाटीमा मात्रै होइन उपत्यकाको अन्य स्थानमा पनि फोहोर थुप्रिएकाले दैनिक जनजीवनमा असर परेको छ । कलंकी, कालीमाटी, बल्खु, अनामनगर, थापागाउँ, बानेश्वर, कोटेश्वरलगायत स्थानमा लामो समयदेखिको फोहोर सडक किनारामा हुँदा थुप्रिदा समस्या भएको हो ।

**शनिबारदेखि फोहोर व्यवस्थापन**

यही साउन २२ गते काठमाडौं उपत्यकाबाट फोहोर बोकेर अन्तिम व्यवस्थापन स्थल जाने क्रममा सिसडोलवासीले गाडी तोडफोड गरेपछि व्यवस्थापन हुन नसकेको फोहोर शनिबारदेखि पुनः सुरु भएको छ ।

काठमाडौं महानगरपालिका वातावरण विभाग प्रमुख सरिता राई कहिले स्थानीयवासीको अवरोध, कहिले बाटोका कारण त कहिले गाडी तोडफोड हुँदा फोहोर व्यवस्थापनमा समस्या आएको र आगामी दिनमा अन्य अवरोध सिर्जना नभए नियमितरूपमा फोहोर व्यवस्थापन हुने बताउँछिन् ।

पछिल्लो समय जटिल बनिरहेको उपत्यकाबाट उत्पादित कुहिने फोहोर व्यवस्थापनका लागि स्थान पहिचानको काम भइरहेको पनि कामपाले जनाएको छ । कामपाले अन्य स्थानीय तहसँगको सहकार्यमा कुहिने फोहोरलाई उपत्यकामा नै व्यवस्थापन गर्न पहिलो चरणमा कीर्तिपुरमा करिब ५० रोपनी जग्गा प्राप्त भएको र सोही स्थानबाट नै काम सुरु गर्ने जनाएको छ ।

उक्त स्थानमा अहिले दैनिक ४० हजार किलो त्यस्ता फोहोर व्यवस्थापन गरी मल उत्पादन गर्न सकिने बताइएको छ। उक्त स्थानमा हाल आठ वडाबाट उत्पादन हुने कुहिने फोहोर व्यवस्थापन गर्न सकिनेछ। उत्पादित मल सहुलियत दरमा बिक्री गर्ने तयारी पनि कामपाको छ ।

योसँगै उपत्यकाको अन्य स्थानमा पनि थप जग्गा रोज्ने काम भइरहेको छ। सबै किसिमका फोहोर बञ्चरेडाँडा पुऱ्याउँदा पटक-पटक समस्या आएकाले प्रभावकारीरूपमा फोहोरको दीर्घ समाधानका लागि स्थान पहिचानमा समय लागेको हो । बञ्चरेडाँडामा हानिकारक फोहोर व्यवस्थापन नगर्ने योजनाअनुरूप कामपाले यस किसिमको अभ्यास सुरु गरेको छ ।

कामपाका प्रवक्ता नवीन मानन्धरका अनुसार हाल अन्य सम्भावित स्थान पहिचान गर्ने काम पनि जारी छ । यसअन्तर्गत चन्द्रागिरि, दक्षिणकाली, नागार्ज‘न, तारकेश्वर र उपत्यकाबाहिर बनेपाका साथै अन्य स्थानमा पनि महानगरप्रमुख बालेन्द्र शाहको नेतृत्वमा जग्गा खोज्ने काम भइरहेको छ । हालसम्म उपलब्ध भएका जग्गामा ५० रोपनीदेखि १५० रोपनीसम्मको छ । अझै बढी उपयुक्त र कम खर्चिलो जग्गाको खोजीमा लागिरहेको उनले बताए ।

**फोहोर स्रोतमै वर्गीकरण प्रभावकारी भएन**

फोहोर व्यवस्थापनलाई थप प्रभावकारी बनाउनका लागि कामपाले यही साउन १ गतेदेखि स्रोतमा नै फोहोर वर्गीकरण गरी कुहिने र नकुहिने फोहोर फरकफरक तरिकाबाट व्यवस्थापनको काम सुरु गरेको थियो । सुरुका केही दिनमा वर्गीकरण गरिएको फोहोर व्यवस्थापन गरिए पनि अहिले सबै किसिमका फोहोर एकै भाँडोमा राखेर आउने गरेको कामपाकै भनाइ छ । यसलाई आगामी दिनमा प्रभावकारी बनाउनका लागि नियमित अनुगमन गरी फोहोरमैला व्यवस्थापन ऐन २०६८ अनुसार दण्ड जरिवाना गर्ने तयारी गरिएको छ ।

कामपाको कूल ३२ वडामध्ये मुख्य नौ वडाबाहेक अन्यमा निजी कम्पनीको सहकार्यमा फोहोर व्यवस्थापन हुँदै आएको छ । फोहोर वर्गीकरण योजना भने ३२ सै वडामा लागू गरिएको छ । कामपाले मात्रै फोहोर व्यवस्थापन गर्दै आएको नौ वडामा सबै दिन नियमितरूपमा फोहोर व्यवस्थापन भइरहेको छ । निजी संस्थाले फोहोर व्यवस्थापन गर्दै आएको स्थानमा भने विगत दुई महिनादेखि फोहोर व्यवस्थापन हुन नसकेको स्थानीयवासीले गुनासो गरेका छन् । *रासस*

# आसन्न निर्वाचनका लागि ४० दल दर्ता

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** आसन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि शनिबार अपराह्नसम्म विभिन्न ४० राजनीतिक दलले दल दर्ता गराएका छन् । राष्ट्रिय मान्यता प्राप्त नेकपा एमाले, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), नेकपा एकीकृत समाजवादीलगायत दलले आसन्न निर्वाचनमा भाग लिने प्रयोजनका लागि दल दर्ता गराएको आयोगले जनाएको छ ।

आयोगले प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको पहिलो हुने निर्वाचित हुने प्रणाली र समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचनमा भाग लिनका लागि यही साउन २२ देखि ३१ गतेसम्म दल दर्ताका लागि आह्वान गरेको छ । सार्वजनिक बिदाका दिन पनि आयोगको कार्यालय खुला रहने र निर्वाचनसँग सम्बन्धित काम नियमितरूपमा सम्पादन हुने जनाइएको छ ।

यही साउन १९ गतेसम्म आयोगमा दर्ता कायम रहेका राजनीतिक दलले आसन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा भाग लिन आयोगमा दल दर्ता गर्नुपर्छ । शनिबार पनि दल दर्ता गर्ने कार्यलाई निरन्तरता दिइएको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिए । आगामी मंसिर ४ गते देशभर एकै चरणमा प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन हुँदै छ ।

**मंसिर ३ गते १८ वर्ष पूरा भएकाले मतदान गर्न पाउने**

आसन्न प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनका लागि निर्वाचनको अघिल्लो दिन १८ वर्ष पूरा भएका मतदाताले मतदान गर्न पाउने भएका छन् । आगामी मंसिर ३ गतेसम्म १८ वर्ष उमेर पुगेका मतदातालाई मतदान गर्न पाउने व्यवस्था गरिएको आयोगका सहप्रवक्ता सूर्यप्रसाद अर्यालले जानकारी दिए । त्यसका लागि मतदाता सूचीमा नाम दर्ता भएको हुनुपर्नेछ ।

आयोगले गत वैशाख ३० गते सम्पन्न स्थानीय तह निर्वाचनमा पनि निर्वाचनको अघिल्लो दिन १८ वर्ष उमेर पुगेर मतदाता सूचीमा नाम भएका मतदातालाई मतदानमा सहभागी हुन पाउने व्यवस्था गरेको थियो । त्यसअघिका निर्वाचनमा निर्वाचनको मिति घोषणा भएको दिनसम्म १८ वर्ष पूरा भएका नागरिकलाई मात्र मतदानको व्यवस्था गरिँदै आइएको थियो ।

आसन्न निर्वाचनमा करिब एक लाख त्यस्ता मतदाताले मतदान गर्न पाउने आयोगको अनुमान छ । निर्वाचनको मिति घोषणा भएको दिनदेखि मतदानको दिनसम्म १८ वर्ष पूरा हुने व्यक्तिले मतदान गर्न नपाउने व्यवस्था थियो ।

आगामी भदौ १२ देखि १९ गतेसम्म निर्वाचन कार्यालयमा पुगी मतदाता नामावली अद्यावधिक गर्न सकिने आयोगले जनाएको छ ।

सो अवधिमा नामावलीमा भएको त्रुटि सच्याउने, कसैले झूठा विवरण दिई नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा उजुरी दिने, दोहोरो नामावली भएको भए हटाउन निवेदन दिने, एकाघर परिवारको सदस्यको मृत्यु भएमा हटाउन निवेदन दिने, एकै वडाका दुई वा दुईभन्दा बढी मतदानस्थल भएकामा पायक पर्ने मतदानस्थलमा नाम सार्न सकिनेछ ।

नामावली अद्यावधिक गर्न इमेल, फ्याक्स तथा अनलाइनबाट निवेदन दिन सकिने आयोगले जनाएको छ । मतदाता नामावली अद्यावधिक भएपश्चात् आगामी भदौ ३१ गते अन्तिम मतदाता नामावली प्रकाशन हुनेछ ।

# युवामैत्री स्थानीय शासन विस्तार गर्ने प्रतिबद्धता

**काठमाडौं (प्रस)–** लगानी र क्षमतावृद्धिसहित युवामैत्री स्थानीय शासन अभियानलाई विस्तार गरिने भएको छ । ‘युवामैत्री विश्व निर्माणमा अन्तरपुस्ता ऐक्यबद्धता’ नाराका साथ मनाइएको अन्तर्राष्ट्रिय युवा दिवसका अवसरमा युवामैत्री स्थानीय शासनसम्बन्धी हालसम्मका उपलब्धि, सिकाइ र भावी कार्यदिशाबारे शनिबार आयोजित छलफल कार्यक्रममा सो प्रतिबद्धता जनाइएको हो ।

उक्त अवसरमा मुलुकको समग्र विकासमा युवामैत्री स्थानीय शासनको आवश्यकतालाई ध्यान दिएर राष्ट्रिय युवा परिषद्, जागृति बाल तथा युवा सरोकार नेपाल, संयुक्त राष्ट्रसंघीय विकास कोष (युएनडिपी) र राष्ट्रसंघीय बालकोष (युनिसेफ) नेपालको संयुक्त प्रयासमा अभियानलाई विस्तार गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ । अभियानअन्तर्गत ३०० भन्दा बढी सरोकारवालाको संलग्नतामा युवामैत्री स्थानीय शासन दिग्दर्शन, २०७५ को परिमार्जन र युवामैत्री स्थानीय शासन क्षमता विकास निर्देशिका तयार गरिएको छ ।

युवामैत्री स्थानीय शासन प्रवर्द्धनको पहिलो चरणमा देशका सातै प्रदेशका एक-एक स्थानीय तहको छनोट गरी सम्बन्धित तहका जनप्रतिनिधि, कर्मचारी, विभिन्न निजी क्षेत्रका युवा प्रतिनिधि तथा युवाका सवालमा प्रमुख सरोकारवालाका लागि दिने युवामैत्री स्थानीय शासनसँग क्षमता अभिवृद्धि कार्यक्रम गरिएको थियो । प्रदेशस्तरमा भएको उक्त अनुभवलाई विस्तार गर्न वक्ताले आग्रह गरेका थिए ।

राष्ट्रिय युवा परिषद्का कार्यकारी उपाध्यक्ष सुरेन्द्र बस्नेतले युवाको मुद्दाका दृष्टिकोणले मैत्रीपूर्ण बनाउने अहिलेको सान्दर्भिक सवाल रहेको र नीति निर्माण प्रक्रियामा युवाको सहभागिता अत्यावश्यक रहेको बताए । हालको प्रयास कम रहेको र अझ बढी लगानी तथा योगदानको आवश्यकता रहेको उल्लेख गर्दै उपाध्यक्ष बस्नेतले उपयुक्त वातावरण निमार्णका लागि परिषद्ले कार्य गरिरहेको र संवैधानिक तथा नीतिगत युवासँग सम्बन्धित व्यवस्थालाई कार्यान्वयनका साथ युवामैत्री शासन प्रवर्द्धनका लागि निरन्तर समन्वयको प्रतिबद्धता जाहेर गरे ।

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरू**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

२०७९ साउन २९ गते आइतबार

| | |
|---|---|
| **मेष** | स्वास्थ्य राम्रो रहनेछ । |
| **वृष** | अचल सम्पत्तिमा वृद्धिको योग छ । |
| **मिथुन** | मनोरञ्जनको माहोल बन्नेछ । |
| **कर्कट** | सन्तुलित भोजन गर्नु राम्रो हुनेछ । |
| **सिंह** | सामाजिक तथा राजकीय कार्यहरूमा वृद्धि हुनेछ । |
| **कन्या** | विरोधी सक्रिय रहनेछ तर असफल हुनेछ । |
| **तुला** | अनावश्यक खर्चको योग देखिन्छ । |
| **वृश्चिक** | नयाँ गन्तव्यमा यात्रा हुनेछ । |
| **धनु** | अनावश्यक विवाद नगर्नुहोला । |
| **मकर** | धर्मपालनामा रुचि बढ्नेछ । |
| **कुम्भ** | नयाँ सम्पर्क बढ्नेछ । |
| **मीन** | साथीभाइबीचको सम्बन्ध सुमधुर रहनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/ शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेशनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिङ्ग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

साउन २९ गते, २०७९, १४ अगष्ट २०२२

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १२१।७६ | १२२।३६ |
| युरो | १ को | १३३।२२ | १३३।८८ |
| पाउन्ड स्टर्लिङ | १ को | १५२।०० | १५२।७५ |
| स्विस फ्रैन्क | १ को | १२६।०९ | १२६।७१ |
| अस्ट्रेलियन डलर | १ को | ७७।२५ | ७७।६३ |
| क्यानाडियन डलर | १ को | ८७।२६ | ८७।६९ |
| सिंगापुर डलर | १ को | ८६।१८ | ८६।६० |
| जापानी येन | १० को | ११।२३ | ११।२९ |
| चिनियाँ युआन | १ को | १७।३१ | १७।३९ |
| साउदी अरब रियाल | १ को | ३२।३८ | ३२।५४ |
| कतारी रियाल | १ को | ३३।४४ | ३३।६१ |
| थाई भाट | १ को | ३।७३ | ३।७५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३३।१५ | ३३।३१ |
| मलेसियन रिंगेट | १ को | २८।२५ | २८।३९ |
| दक्षिण कोरियन वन | १०० को | १०।०६ | १०।११ |
| स्विडिस क्रोनर | १ को | १२।२६ | १२।३२ |
| डेनिस क्रोनर | १ को | १७।८५ | १७।९३ |
| हङकङ डलर | १ को | १५।७१ | १५।७८ |
| कुवेती दिनार | १ को | ३९१।५२ | ३९३।४५ |
| बहराइन दिनार | १ को | ३२१।०२ | ३२२।६० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले तोक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**गाईजात्रा मनाउँदै** | दिवंगत आफन्तको सम्झनामा मनाइने गाईजात्रा पर्वका अवसरमा शनिबार पोखरामा निकालिएको गाईजात्रा । यो वर्ष जनैपूर्णिमा र गाईजात्रा एकैदिन शुक्रबार परे पनि जनैपूर्णिमाको भोलिपल्ट गाईजात्रा निकाल्ने प्रचलन अनुरूप यहाँका नेवार समुदायले शनिबार गाईजात्रा मनाएका छन् । *तस्बिरः रासस*

# बालआश्रमलाई खाद्य तथा आर्थिक सहयोग

■ प्रभाव संवाददाता



**काठमाडौं–** कागेश्वरी मनोहरा नगरपालिका-१ गागलफेदीस्थित हाम्रो सुनौलो संसार बालआश्रममा रहेका बालबालिकाहरूसँग भेटघाट एवं सहयोग कार्यक्रमसम्पन्न भएको छ ।

शान्ति, समृद्धि दीगो विकासको लागि मानवीय कार्य‘ ह्याप्स’ नामक सामाजिक संस्थाद्वारा आयोजित एक कार्यक्रमबिच संस्थाको पहलमा एनआरएन फ्रान्सका पूर्वअध्यक्ष तथा समाजसेवी इन्जिनियर निर्मल अर्याल र उनकी धर्मपत्नी ज्योति आचार्य अर्यालले संस्थामा रहेका २० जना बालबालिकाहरूलाई खाद्य तथा आर्थिक सहयोग प्रदान गरेका थिए ।

अनौपचारिक रूपमा सञ्चालित उक्त कार्यक्रममा कागेश्वरी मनोहर नगरपालिका-१ वडा अध्यक्ष मुकुन्दप्रसाद गजुरेल, महिला वातावरण समूहकी सचिव मुना न्यौपाने, समाजसेवी पुस्कर प्याकुरेल, कृष्णप्रसाद अर्याल, दलबहादुर तामाङ, वसन्त थापा, जापानी सूचना केन्द्र, नेपालका अध्यक्ष मदनकृष्ण सिलवाल ह्याप्सका सचिव ठाकुरप्रसाद खनाललगायतको उपस्थिति रहेको थियो । वडा अध्यक्ष गजुरेलले सामाजिक संस्थाहरूको दायित्व र पारदर्शिताबाट मात्रै सहयोगीहरूको मन जित्न सकिने धारण राख्दै संस्थाका आर्थिक पारर्दिताका पाटोहरू समेत बताउनुपर्नेमा जोड दिँदै सेवा कार्य अघि बढाउनुपर्नेमा जोड दिए ।

एनआरएन फ्रान्सका पूर्वअध्यक्ष तथा समाजसेवी इन्जिनियरले आफू प्रवासमा रहे पनि नेपालको माया कहिल्यै नमार्ने बताउँदै नेपालमा छोरी शिक्षा अभियानमा आफूले सक्दो सहयोग गर्ने बताए । पाल्पा, प्युठान र गोर्खामा समेत सक्रियताका साथ सञ्चालन भइरहेको यो अभियान अन्य जिल्लाहरूमा समेत विस्तार गरिने उनले बताए ।

त्यस्तै, अर्यालकी धर्मपत्नी ज्योति आचार्य अर्यालले आफ्नो श्रीमान र ससुरा बुबाको प्रेरणाका कारण आफू पनि समाजसेवाको पाटोमा जोडिन पाउँदा खुशी र आनन्दित भएको बताउँदै आफ्नो ससुरा बुबाको पहलमा फ्रान्का दुई सडकमार्गको नाम गोर्खा र पनौती राख्न सफल भएको स्मरण गरे ।

बालआश्रमकी सञ्चालिका मेनुका कोइरालाले बालबालिकाको सुनौलो भविष्य निर्माणका लागिका लागि विभिन्न संघसंस्था तथा मनकारीहरूको व्यक्तिहरूको सहयोगबाट व्यवस्थापन भइरहेको जानकारी गराइन् ।

कार्यक्रममा ह्याप्सका अध्यक्ष कुशल अर्यालले संस्थामार्फत विभिन्न समय मानवीय कार्य गरिँदै आएको बताउँदै हाम्रो सुनौलो संसार बालआश्रमका बालकालिकाहरूमाझ समेत आई सकेको सहयोग गर्न पाउँदा खुशी लागेको बताए ।

## कांग्रेसमा फेरि...

पृष्ठ १ बाट जारी

नगरेको भन्दै अब भागबण्डा खोज्नुपर्ने अवस्था आएको निष्कर्ष निकालेको छ । यो समूहले देउवा एकलौटी ढंगले अगाडि बढेको भन्दै अन्तरसंघर्षको चेतावनीसमेत दिएको छ ।

समूहको भेलापछि सञ्चारकर्मीसँग बोल्दै नेता गुरुराज घिमिरेले सभापतिबाट न्यायोचित निर्णय नभए ४० प्रतिशतका लागि संघर्ष जारी रहने बताए । आगामी संसदीय निर्वाचनमा पनि देउवाले न्यायोचित व्यवहार गर्ने नदेखिएको उनको आशंका छ ।

‘आठ महिनामा भएका एक दर्जन निर्णयमा प्रतिस्पर्धी समूहका एक जनालाई पनि समेट्नुभएको छैन । राष्ट्रिय सभाको निर्वाचन, स्थानीय तह निर्वाचन, केन्द्रीय समिति सदस्य मनोनयन, भ्रातृ संस्थाको अध्यक्ष मनोनयनमा प्रतिस्पर्धी समूहका व्यक्तिसँग सल्लाह पनि गर्नुहुन्न । समेट्दा पनि समेट्नुहुन्न । यसबाट के बुझियो भने आगामी संसदीय निर्वाचनमा पनि उहाँले समेट्नुहुन्न,’ घिमिरेले भने ।

न्यायोचित निर्णय नहुने भए भागबण्डामा जानुपर्ने उनको माग छ । ‘न्यायोचित निर्णय गर्नुहुन्न भने ४० प्लस चाहियो । सभापतिको अभिभावकीय ठाउँबाट सोचेर अगाडि बढाउनुभएको भए यो विवाद आउने थिएन । अब अस्तित्वको लडाइँ लड्नुपर्ने भयो,’ घिमिरेले थपे ।

यता, कांग्रेस केन्द्रीय सदस्य अर्जुननरसिंह केसीले पनि आगामी प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनमा न्यायोचित टिकट वितरण गर्न संस्थापक पक्षको ध्यानाकर्षण गराएका छन् । शनिबार पार्टी केन्द्रीय कार्यालय सानेपामा बसेको केन्द्रीय कार्यसमिति बैठकपछि सञ्चारकर्मीहरूसँग बोल्दै उनले दलभित्रको विविधतालाई बुझेर न्यायोचित टिकट वितरण गर्न आग्रह गरेका हुन् ।

‘सर्वदलीय गठबन्धन समितिले यसमा छलफल गरोस् । एकातिर मापदण्ड र अर्कोतिर मन पर्नेलाई टिकट दिने काम नहोस् । यसले परिणाम गम्भीर बनाउन सक्छ । मनपरी गर्दा गठबन्धन जुन लक्ष्यका लागि बनेको हो त्यो लक्ष्य पूरा हुँदैन,’ केसीले भने ।

केसीले आगामी निर्वाचनमा ६० प्रतिशत सिट पनि कांग्रेसका लागि कमै हुने बताए । सत्ता गठबन्धन दलबीच आगामी चुनावमा तालमेल गरेर जाने निर्णय भइसकेर सिट बाँडफाडको गृहकार्य भइरहेका बेला उनले कांग्रेसले गठबन्धनमा कम्तीमा ६० प्रतिशत सिट पाउनुपर्ने दाबी गरेका हुन् ।

‘कांग्रेस आज मुलुकको सबैभन्दा ठूलो पार्टी हो । हामी परिबन्धले अहिले गठबन्धन गर्नुपर्ने अवस्थामा पुगेका छौं । यसमा कांग्रेसले ६० प्रतिशत सिट पाउनुपर्ने कुरा सामान्य हो,’ केसीले थपे, ‘हामीसँग धेरै जना नेताहरू हुनुहुन्छ । संगठन छ । त्यसैले ६० प्रतिशत सिट पनि कमी नै हुन्छ । तर, फेरि पनि सहमतिमा दुई-चार सिट तलमाथि हुन सक्छ ।’

उनले सिट बाँडफाडको मापदण्ड र उम्मेदवार चयन पारदर्शी हुनुपर्ने माग गरे । ‘एउटा गठबन्धन बनाउनैपर्ने बाध्यात्मक अवस्थाबाट गुज्रिएर हामी यहाँसम्म आइपुगेका छौं । हामी गठबन्धनको नेतृत्वमा छौं । त्यही आधारमा केन्द्रीय कार्यसमितिले गठबन्धन गर्ने निर्णय गरिसकेको छ । तर, त्यस्तो गठबन्धनमा सिट बाँडफाड कसरी भइरहेको छ भनेर सबै कार्यकर्ताले थाहा पाउनुपर्छ । नेताहरूको रुचि र स्वार्थका आधारमा कोहीलाई पाखा लगाउने र कोहीलाई काखा च्याप्ने काम हुनुहुँदैन ।’

गठबन्धनलाई सही बाटोमा लैजानका लागि र संविधानसम्मत अघि बढाउन जनतालाई र कार्यकर्तालाई केको आधारमा र कसरी गठबन्धनका दलबीच सिट बाँडफाड भयो भन्ने कुरा स्पष्ट हुनुपर्ने केसीको भनाइ छ । उनले गठबन्धनमा इमान्दारिता हुनुपर्ने बताए ।

‘हामीले स्थानीय चुनावमा पनि देख्यौं । एकातिर गठबन्धन छ, अर्कोतिर मिलेमतो भएको छ । धोकाधडी भएको छ । अहिले त्यस्तो हुनुहुन्न । त्यसका लागि गठबन्धनले आचारसंहिता बनाएर जारी गरोस् । त्यो गठबन्धनका सबै दलले मान्नुपर्छ, तबमात्रै नतिजा निस्किन सक्छ,’ केसीले भने ।

केसीले गठबन्धनमा मात्रै नभई अहिले पार्टीभित्र पनि विविधता रहेको भन्दै संस्थापनपक्षले न्यायोचितरूपमा टिकट वितरण गर्ने विश्वास राखेको बताए । उनले एकातिर मापदण्ड र अर्कोतिर मन परेको व्यक्तिलाई टिकट वितरण नगर्न संस्थापक पक्षलाई आग्रह गरे ।

यदि संस्थापक पक्षले मनपरी गरेर टिकट दिन थाले त्यसको परिणाम गम्भीर हुने उनको चेतावनी छ । केन्द्रीय सदस्य केसीले गठबन्धनका दलहरूले पनि गठबन्धनबाहिरका दलहरूसँग तालमेल गर्ने भन्ने कुरा नियमविपरीत हुने भएकोले यसबारेमा छलफल गर्न आवश्यक रहेको बताए ।

# ‘एमालेले एक्लै बहुमत ल्याउँछ’

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेकपा (एमाले) का उपाध्यक्ष युवराज ज्ञवालीले आगामी मंरि ४ गते हुने निर्वाचनमा आफ्नो पार्टीले एक्लै बहुमत ल्याउने दाबी गरेका छन् ।

शनिबार राजधानीमा आयोजित साक्षात्कारमा बोल्दै उनले एमालेको जनतामा ठूलो प्रभाव रहेको बताउँदै जनताले एमालेलाई नै अबको निर्वाचनपछि सरकारको नेतृत्वमा पुर्‍याउने दाबी गरेका हुन् । उनले भने, ‘यो चुनावमा एमालेले एक्लै विजय प्राप्त गर्नेगरि तयारी गरेको छ । एमालेको जनप्रभाव जुन छ, पाँच दलीय गठबन्धनका साथीहरू नै यसबारेमा सबैभन्दा बढि सचेत छन् ।’

ज्ञवालीले नेपाली जनता अहिले कतिवेला चुनाव हुन्छ र एमालेलाई मतदान गरौंला भनेर पर्खिएर बसेको टिप्पणी गरे । उनले भने, ‘जनता अहिले एमालेलाई मतदान गर्नको लागि प्रतिक्षा गरेर बसेका छन् । अहिलेको सरकारको कामबाट जनता वाक्कदिक्क भएका छन् । कांग्रेससँगै अहिलेको गठबन्धनलाई विदाई गर्ने तयारीमा जनता जुटेका छन् । हामी आफ्नो खुट्टामा उभिएर चुनाव जित्ने तयारीमा लागेका छौं । हामी एक्लै बहुमत ल्याउँछौं ।’

उनले आफ्नो पार्टी अहिले चुनावको तयारीमा जुटिसकेको पनि बताए । उनले भने,‘हाम्रो सचिवालयको बैठकले आगामी मंसिर ४ गतेको निर्वाचनको तयारीको सन्दर्भमा महत्वपूर्ण निर्णय पनि गरेको छ । यतिवेला नेपालको राजनीतिमा एमाले सबभन्दा ठूलो दल, कम्युनिष्ट आन्दोलनको मात्रै होईन, नेपालको लोकतान्त्रिक आन्दोलनको लागि पनि सबभन्दा ठूलो दलको रूपमा रहेको छ ।’

उनले अहिले मुलुकको आर्थिक अवस्था संकटपूर्ण रहेको भन्दै चिन्ता व्यक्त गरे । उनले भने, ‘महँगी चरम रूपमा बढेको छ । जनता ठूलो मारमा छन् । नेपालको ईतिहासमा यो ठूलो महँगी हो । विदेशी मुद्रा सञ्चिती ५ देखि ६ महिनासम्म मात्रै पुग्ने अवस्थामा छ । यसअघि केपी ओलीको सरकारको पालामा ११ महिनासम्म धान्न सक्ने अवस्थामा थियो । अहिले त्यो ओरालो लागेको छ ।’

ज्ञवालीले मंसिर ४ गते हुने आम निर्वाचन शान्तिपूर्ण रूपमा हुनुपर्नेमा जोड दिए । उनले भने,‘निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न हुनुपर्छ । गएको स्थानीय तहको निर्वाचनमा विभिन्न ठाउँमा धाँधली गरियो । जबरजस्ती गरियो । त्यस्तो स्थिति अबको निर्वाचनमा नदोहोरियोस । चुनावमा मान्छेको खरिदबिक्रि हुने गरेको छ, त्यो नहोस । एमाले चुनावको लागि लागि सरकारलाई सहयोग गर्न तयार छ ।’

उनले एमाले सरकारको पालामा भएका काम र अहिले पाँच दलीय गठबन्धनको सरकारको बेलामा भएको काम जनताले सुक्ष्म रूपमा हेरिरहेको बताए । सत्ता गठबन्धनमा तालमेलको विषय पेचिलो बनेको उल्लेख गर्दै उनले गठबन्धनमा कांग्रेससँग अरु दल निरीह बनेको टिप्पणी गरे ।

ज्ञवालीले माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल र नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपाल कांग्रेसलाई पहिलो दल बनाउन सक्रिय भएर लागेको बताए । उनले भने,‘उहाँहरू कांग्रेसलाई पहिलो बनाउन लागिरहनुभएको छ । कांग्रेस जिताउनको लागि उहाँहरूको अभियान हो । तर, एमाले कम्युनिष्ट पार्टी हो । यो सुमाजवादको यात्रामा अघि बढिरहेको छ । नेपालको राजनीतिमा कांग्रेसका नेतृत्वमा पुँजीवादलाई सुदृढ गर्ने काम भएको छ भने एमालेको नेतृत्वमा समाजवादको यात्रा तय गर्न अभियान चलेको छ ।’

उनले एमाले ‘समृद्ध नेपाल, सुखी नेपाली’ को नारालाई आधार बनाएर अघि बढिरहेको बताए । उनले भने, ‘देशमा विकास निर्माण हुनुपर्छ । रोजागरीको व्यवस्था गर्नुपर्छ । घरवारविहीनलाई बसोबासको व्यवस्था गर्नुपर्छ भनेर एमाले लागेको छ । अहिले नेपालको शिक्षा दयनीय अवस्थामा छन् ।’

उनले नेपालका वामपन्थीहरू एक ठाउँमा उभिन जरुरी रहेको आवश्यकत्ता औंल्याए । उनले भने,‘वापमन्थीहरू ऋलग-अलग हुन जरुरी छैन् । सबै मिल्ने हो भने राम्रो हुन्छ । तर, यहाँ वामपन्थी भन्नेहरूले, उनीहरूको काम र व्यवहार हेर्ने हो भने कांग्रेसलाई बलियो बनाउनको लागि काम गरेको देखिन्छ ।’

उनले एमालेले चुनावमा तालमेलको लागि ढोका बन्द नगरेको स्पष्ट पारे । उनले भने,‘विचार र नीति मिल्यो भने हामी तालमेल गर्छौं । कांग्रेसलाई पराजित गर्नको लागि विचार मिल्नेहरूसँग सहकार्य हुन्छ ।’

उनले निर्वाचन महँगो बनेको भन्दै यसमा विचार गर्नुपर्नेमा जोड दिए । उनले भने,‘धनीहरूले मात्रै चुनाव लड्ने अवस्थाको अन्त्य गर्नुपर्छ ।’ एमाले निर्वाचन आयोगको कार्यतालिकाअनुसार नै केन्द्रित भएर चुनावको तयारीमा जुटेको उनको भनाइ छ ।

## जुवातास खेलिरहेका १४ जना पक्राउ

**काठमाडौं (प्रस)–** बूढानीलकण्ठ नगरपालिका-१० बालुवाखानी बस्ने ३९ वर्षीय डम्बरबहादुर गुरुङको घरमा जुवातास खेलिरहेको अवस्थामा गुरूङ समेत ६ जनालाई शुक्रबार प्रहरीले पक्राउ गरेको छ । विशेष सूचनाको आधारमा प्रहरी प्रभाग कपनबाट खटिएको प्रहरीले उनीहरूलाई नगद ६७ हजार र ३ बुक तास सहित फेला पारी पक्राउ गरेको हो ।

जुम्ला, तातोपानी गाउँपालिका-५ श्रीनगर बस्ने वीर बहादुर शाहीको घरमा जुवातास खेलिरहेको अवस्थामा सोही ठाउँ बस्ने ३० वर्षीय गोबिन्द बहादुर डाँगी समेत ४ जनालाई शनिबार प्रहरीले पक्राउ गरेको छ । विशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय जुम्लाबाट खटिएको प्रहरीले उनीहरूलाई नगद २० हजार र ३ बुक तास सहित फेला पारी पक्राउ गरेको हो ।

कैलाली, गोदावरी नगरपालिका-२ शिवनगर टोलस्थित कञ्चनपुर भिमदत्त नगरपालिका-४ बस्ने ४५ वर्षीय सन्देश केसीको सनफ्लोर गेष्ट हाउसमा जुवातास खेलिरहेको अवस्थामा केसीसहित ४ जनालाई शुक्रबार प्रहरीले पक्राउ गरेको छ ।

# कोरोनाले थलिएका ‘पाहुना घर’ अझै सुनसान

**महेन्द्रनगर–** कोरोना कहरका बेला प्रभावित बनेका कञ्चनपुरमा रहेका पाहुना घर (होमस्टे) मा आन्तरिक तथा बाह्य पर्यटक आउने क्रम घटेको छ । कोरोना महामारी फैलिनुअघि पाहुनाहरूको चहलपहल रहने पाहुना घरहरू कोरोनापछिका वर्षहरूमा भने सुनसान हुन थालेका छन् । पाहुनाको आवागमन घटेसँगै होमस्टेको आर्थिक कारोबारमा समेत गिरावट आएको कञ्चनपुरको भीमदत्त नगरपालिका-१४ स्थित राना थारु सामुदायिक होमस्टेका सचिव चेतराम रानाको भनाइ छ ।

‘गत वर्ष असार मसान्तसम्म रु तीन लाख जतिको कारोबार भयो’, सचिव रानाले भने, ‘कोरोना सकिएपछि पनि समूहमा पाहुना आएर बास बस्ने क्रम घटेको छ ।’ कञ्चनपुर र कैलालीमा मात्रै बसोबास रहेको राना थारु समुदायको पहिलो होमस्टे आफूहरूले सञ्चालनमा ल्याएको उल्लेख गर्दै सचिव रानाले पाहुना नआएका बेला स्थानीय खेतीपाती र व्यावसायिक तरकारी खेती गरिरहेको बताए ।

‘कोरोनाअघि सात महिनामै आठ लाखसम्मको कारोबार हुने गरेको थियो’ उनले भने, ‘अहिले त वैशाखयता पाहुना छिटपुटरूपमा मात्रै आएका छन् ।’ यहाँको शुक्लाफाटा राष्ट्रिय निकुञ्जको छेउमै रहेको राना थारु होमस्टे जिल्लाका अरु होमस्टे भन्दा बढी चहलपहल हुने होमस्टे हो । कञ्चनपुरको कृष्णपुर नगरपालिकाको वाणीमा विजयसाल होमस्टे, शुक्लाफाँटा नगरपालिकाको जोनापुरमा खैरकन्द्रा होमस्टे र सिमलफाँटामा कृष्णसार होमस्टे रहेका छन् । आठ वटा पाहुना घर रहेको राना थारु होमस्टेमा आउने पाहुनाको स्वागतका लागि राना थारु पम्परागत नृत्य देखाइनुका साथै स्थानीय परिकार खुवाउने गरिएको छ । ‘होटल बसाइभन्दा सस्तो पनि पर्ने भएकाले यहाँ भ्रमणका लागि समूहमा आउने पाहुनाको रोजाइ होमस्टे पर्छ’, रानाले भने, ‘मुलुकभरका होमस्टेले सहकार्य गरेर पाहुना राख्ने खालको वातावरण बनाउन आवश्यक छ ।’

तराई भू-परिधि कार्यक्रम (ताल) को प्राविधिक तथा भौतिक सहयोगबाट सुरु गरिएको होमस्टे सञ्चालनका लागि शुक्लाफाँटा मध्यवर्ती व्यवस्थापन समितिको आवश्यक सहयोगमा होमस्टे सुरुआत गरिएको थियो । होमस्टे सञ्चालनसँगै थारु समुदायको कला, रीति, संस्कृति जगेर्ना पनि सँगसँगै भइरहेको रानाको भनाइ छ ।

त्यसैगरी कञ्चनपुरको झलारी बजारबाट करिब छ किलोमिटर दक्षिण खैरकन्द्रा सामुदायिक होमस्टेमा पनि पाहुनाको आगमन छिटपुट छ । खैरकन्द्रा सामुदायिक होमस्टेका संयोजक पुरन डगौँराले कोरोनापछि होमस्टेमा चहलपहल नभएको बताए । *रासस*

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# मिटरब्याजको धन्दा बन्द गर

साहुकारबाट पीडित भएको भन्दै यतिबेला नवलपरासी पश्चिमको प्रतापपुर र सुस्ता गाउँपालिका स्थानीय काठमाडौंमा आन्दोलन गरिरहेका छन् । आफूले लिएको ऋणभन्दा साहूलाई चौब्बर बुझाउँदा पनि ऋणमुक्त नभएको, अझै तिर्नुपर्ने ऋण धेरै देखाएको भन्दै उनीहरू न्याय माग्दै काठमाडौं आइपुगेका हुन् ।

खासगरी नेपालमा तराई क्षेत्रका जिल्ला यस्तो समस्या रहेको पाइन्छ । निरक्षर, गरिब तथा आर्थिकरूपले अफ्ठेरो परिस्थितिमा रहेका नागरिकलाई साहुकारले ऋण लिएभन्दा पाँच गुणासम्म बढाउने गरेको पाइएको छ ।

सोझा गाउँलेलाई ऋण लगाएर महँगो ब्याज असुल्ने, एउटै ऋणमा ऋणीका आफन्त, नातागोतासमेतलाई झुक्याएर कीर्ते तमसुक गराउने, ऋण लिएभन्दा पाँच गुणासम्म बढाएर कागजपत्र बनाउने, तिरेको ऋणको निस्सा नदिएर ऋण कायम गर्नेजस्ता ठगी हुने गरेका छन् । यो समस्याबाट निमुखा नागरिक वर्षौंदेखि पीडित छन् । राज्य मुकदर्शक बन्ने गर्छ ।

अहिले पीडितहरूले काठमाडौं केन्द्रित आन्दोलन गर्न थालेपछि भने सरकारले गृह मन्त्रालयका सहसचिव डा. भीष्मकुमार भूसालको संयोजकत्वमा प्रहरीको केन्द्रीय अनुन्धान ब्यूरोका प्रहरी वरिष्ठ उपरीक्षक दिनेश आचार्य, गृह मन्त्रालयका कानुन उपसचिव श्रीकृष्ण पौडेल, काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक कृष्णप्रसाद कोइराला, राष्ट्रिय अनुसन्धान विभागका उपअनुसन्धान निर्देशक मुकुन्द मरहट्ठा सदस्य रहेको कार्यदल गठन गरेको छ ।

कार्यदलको सदस्यसचिवमा ब्यूरोका प्रहरी नायब उपरीक्षक रोशन खड्कालाई तोकिएको छ । कार्यदललाई एक महिनाभित्र प्रतिवेदन बुझाउने कार्यादेश दिइएको छ । कार्यदललाई मिटरब्याजी समस्या बढी भएका जिल्लामा स्थलगत भ्रमण गरी समस्याका कारण तथा समाधानका उपाय पहिचान गर्ने, मिटरब्याजीमा संलग्न व्यक्तिलाई कारबाहीको दायरामा ल्याउन अन्तरनिकाय समन्वय र सहकार्य गर्ने तथा आगामी दिनमा यस्तो अपराध न्यूनीकरण गर्न अवलम्बन गर्नुपर्ने उपायका सम्बन्धमा सिफारिससहितको प्रतिवेदन पेस गर्ने जिम्मेवारी छ ।

शनिबार मात्र कार्यदलले मिटरब्याजीविरुद्ध बढीभन्दा बढी तथ्य र प्रमाण जुट्ने गरी स्थानीय प्रशासन कार्यालयमा उजुरी दिन पीडितहरूलाई आह्वान गरेको छ । आगामी भदौ ५ गते भित्रमा उजुरी दर्ता गर्न आग्रह गरिएको छ ।

मिटरब्याजको कारोबारमा राज्यका उपल्ला तहमा रहेका व्यक्ति पनि संलग्न रहेको वा उनीहरूको संरक्षण मिटरब्याजीलाई रहेको समाचार बेलाबेला सार्वजनिक हुने गर्छन् । उनीहरूलाई सरकारले कारबाही गर्न सकेको छैन । जसका कारण मिटरब्याजीहरूको मनोबल बढिरहेको छ । अब भने यसमा सरकार निर्मम हुनैपर्छ । गरिब र निमुखा नागरिकको रगत र पसिना चुस्नेलाई कुनै हालतमा छोड्नु हुँदैन । मिटरब्याजीमा संलग्न व्यक्तिलाई कारबाहीको दायरामा ल्याउन अन्तरनिकाय समन्वय र सहकार्य हुन जरुरी छ । आगामी दिनमा यस्तो अपराध न्यूनीकरण गर्न अवलम्बन गर्नुपर्ने उपायका सम्बन्धमा पनि अब सरकारले ठोस कदम चाल्नैपर्छ ।

## मनन्योग्य

### विदुर नीति

देवता, ब्राह्मण र अतिथिजनको सत्कार गर्नको निमित्त बाखाहरू, गोरु (बैल), श्रीखण्ड, वीण, ऐना, मह, घ्यू, धारिला हतिहारहरू, तामाको भाँडा, दाहिने शख, शलिग्राम र गोराचन आदि माङ्गलिक पदार्थहरू घरमा कहिल्यै टुटाउनुहुँदैन ।

इच्छा वा कामना, भय, लोभ आदिले वशीभूत भएर धर्मलाई कदापि छाड्नुहुँदैन । यो नै सबैभन्दा महत्त्वपूर्ण र गृह्य कुरो हो ।

धर्म नित्य छ, सुखदुख भन्ने छन् । यिनिहरू रथका पाग्रासरी घुमिरहन्छ, कहिले सुख आइएपर्छ भने कहिले दुख पाइन्छ । जीव नित्य छ तर यसको कारण अविद्यँ आदि अनित्य छन् । तसर्थ मानिसले अनित्यलाई त्यागेर नित्य वस्तुलाई अँगाल्दै सन्तोष गर्नुपर्दछ । सन्तोषद्धारा नै परम लाभ प्राप्त हुन्छ ।

हे राजन् धृतराष्ट्र ! तपाई ती चक्रवर्ति महापराक्रमी राजाहरूलाई हेर्नुहोस् । यी राजाहरू धनधान्यले परिपूर्ण भई पृथ्वीको शासन गरेर अन्त्यमा राज्य र बिपुल सम्पत्तिलाई त्याग्दै मृत्युलाई वरण गर्दछन् । यसैगरी, तपाईले पनि यस राज भैभवलाई छाडेर एक दिन जानै पर्दछ । तसर्थ थोरै समयको यो अनित्य सुखका लागि धमृछाडा (विधर्म) किन बन्नुहुन्छ ।

मानिस ज्यादै नै पीर सन्ताप गरी आफूले हुर्काइएको, पालनपोषण गरेको छोरो मर्दा बोकेर तुरुन्त घरबाट बाहिर लागिदिन्छ । मर्नासाथ सुरुमा कपाल झाँक्रो फिँजाएर आईमाईहरू अलाप विलाप गरी रुन्छन् । त्यसपछि सुकेको मूढो जस्तो गरेर उसको शरीरलाई चित्ताको आगोमा हालिदिन्छन् ।

मरेका मानिसको सम्पत्तिलाई उसका उत्तराधिकारीहरूले भोग गर्दछन् । उसको शरीरको हाड मासुलाई जङ्गलमा भए गिद्ध र कागहरूले खाइदिन्छन्, चितामा भए आगोले डढाइदिन्छ । मरेपछि मनुष्य पुण्य र पापसँगै गुल्थिएर परलोक जान्छ । अर्थात मृत्युपश्चात् मानिसको सबै-भोग यस धरतीभित्रै अड्किरहन्छ । जसरी फल खाइसकेपछि चरा चरुङ्गीहरू रुखलाई त्यसै छाडी हिडेजस्तै गरी निकटसम्बन्धी, मातापिता, भाइछोरा मृतक व्यक्तिको शरीरलाई जंगलमा नै छोडेर वा चित्तामा जलाईसकेर आफ्नो बाटो लाग्दछन् । **क्रमश :**

# ‘ज्येष्ठ नागरिकको अभिभावकत्व राज्यले लिन्छ’



**उमा रेग्मी**
मन्त्री – महिला, बालबालिका तथा ज्येष्ठ नागरिक

सरकारले अब ज्येष्ठ नागरिकको सबै किसिमको जिम्मा आफैंले लिने भएको छ । छोराछोरीले अंश लिने तर बाबुआमालाई घरमै आफूसँग उचित लालनपालन र पालनपोषण नगरी आश्रम लगेर राख्ने वा हेरविचार नगर्ने अवस्था आएको भन्दै स्थानीय सरकारमार्फत जिम्मा लिने तयारी भएको हो । स्थानीय तहले हेरचाह गरेको अवस्थामा सम्पत्तिको स्वामित्व स्थानीय सरकार मातहत जानेछ । यसरी आफ्नो कर्तव्य पूरा नगरी अंशसमेत खान नपाउने व्यवस्थाले समाजमा ज्येष्ठ नागरिकप्रति हेर्ने दृष्टिकोण, व्यवहारलाई परिवर्तन गरी सुसंस्कृत समाज निर्माण गर्न बल पुग्ने अपेक्षा गरिएको छ । समग्रमा ज्येष्ठ नागरिकसम्बन्धी विधेयकले त्यस्ता नागरिकप्रति परिवार र स्थानीय सरकारलाई उत्तरदायी बनाइएको छ ।

ज्येष्ठ नागरिकका नाममा भएको सम्पत्ति पनि सरकारले नै लिने र हेरचाह पनि सरकारले नै गर्ने गरी हालै संसद्बाट पारित भएको ज्येष्ठ नागरिकसम्बन्धी विधेयकले विशेष व्यवस्था गरेको छ । संसद्बाट पारित भई प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष प्रस्तुत गरिएको उक्त विधेयकका सन्दर्भमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री **उमा रेग्मी**सँग *राष्ट्रिय समाचार समिति (रासस)का कृष्ण अधिकारी र शर्मिला पाठकले* गरेको कुराकानी :

**संसद्को दुवै सदनबाट ज्येष्ठ नागरिकसम्बन्धी पहिलो संशोधन विधेयक पारित भएको छ, यसलाई यहाँले कसरी हेर्नुभएको छ ?**

ज्येष्ठ नागरिकमाथिको हेरचाह र पालनपोषणलाई सन्तानको बाध्यकारी दायित्व बनाउँदै संघीय संसद्ले ज्येष्ठ नागरिकसम्बन्धी पहिलो संशोधन विद्येयक पास गरेको छ । ज्येष्ठ नागरिक ऐन, २०६३ लाई संशोधन गर्न बनेको यो विधेयक राष्ट्रिय सभाले २०७५ फागुनमा पारित गरेको थियो भने प्रतिनिधिसभाले यही साउन ४ गते पारित गरेको छ । यस विधेयकले ज्येष्ठ नागरिकप्रति सन्तानको दायित्वलाई बाध्यकारी बनाएको छ । ज्येष्ठ नागरिक उहाँका परिवार र सन्तानको बोझ बनिरहेका र वृद्धाश्रममा पठाउने काम गरिरहेकाले उनीहरूलाई नसियत दिने व्यवस्था गर्न जरुरी रहेको थियो । त्यसैले स्थानीय तहले उहाँहरूका सन्तान र परिवारलाई दण्डित गर्ने र उहाँहरूको संरक्षण गर्ने व्यवस्था गर्नेगरी विधेयक ल्याइएको हो । नेपाली समाजमा आफूले कमाएको सम्पत्ति विभिन्न बहानामा सबै माग्ने र आमा बुबाले नसकेका अवस्थामा सार्वजनिक पाटीमा बास बसाउने क्रम बढ्न थालेपछि सरकारले ज्येष्ठ नागरिकको सुरक्षालाई ध्यानमा राखी संशोधित विधेयकको आवश्यकता बोध भएको हो । यसले ज्येष्ठ नागरिकको अधिकार संरक्षणमा महत्त्वपूर्ण योगदान हुने विश्वास लिएको छु ।

**विधेयक कार्यान्वयनका सन्दर्भमा ज्येष्ठ नागरिकहरूलाई यहाँ के भन्न चाहनुहुन्छ ?**

वृद्धावस्थामा हेरविचार नगर्ने छोराछोरीलाई अंश नदिनूस् जसले तपाईंको संरक्षण गर्छ उसलाई नै जेजति भएको सम्पत्तिको हकवाला बनाउनुस् । जसले रेखदेख गर्छ, जसले पालनपोषण गर्छ उसलाई आफ्नो सम्पत्ति प्रदान गर्न हरेक ज्येष्ठ नागरिक स्वतन्त्र हुनुहुन्छ । परिवारको खर्च चलाएर विभिन्न माध्ययमबाट जगेडा गरेको सम्पत्तिबारे पनि छोराछोरीलाई जानकारी दिन आवश्यक छैन आफूले सक्दैमा अशक्त अवस्थामा आफ्ना लागि जगेडा गर्न पनि म ज्येष्ठ नागकिलाई अनुरोध गर्दछु । अब कोही पनि ज्येष्ठ नागरिकले आफ्ना सन्तान वा सम्पत्तिको दाबेदारबाट उचित लालनपालन वा हेरचाह नपाउने वा अलपत्र अवस्थामा रहनुपर्ने अवस्था आउन दिदैनौं । त्यस्तो अवस्था आएमा ज्येष्ठ नागरिकको जायजेथा वा अंश भाग भएमा स्थानीय तहले आफ्नो स्वामित्वमा ल्याई निजको हकहितमा परिचालन गरिनेछ । कोही पनि ज्येष्ठ नागरिकले एक्लो वा असहाय भएको अनुभव गर्नुपर्ने छैन । उहाँहरूको अभिभावकत्व राज्यले लिनेछ ।

**ज्येष्ठ नागरिकका सम्बन्धमा यस विधेयकले महत्त्वपूर्ण व्यवस्था गरेको छ भन्नुभयो, केही उल्लेखनीय प्रावधानहरू के-के हुन् त ?**

समाजमा पढेलेखेकाले पनि आफ्ना अभिभावकलाई आश्रममा छाड्ने गरिएकाले यस विधेयकमा उहाँहरूका सवालमा सन्तानलाई उत्तरदायी बनाइएको छ । यस विधेयकमा विशेषगरी परिवारको व्याख्या गरिएको छ । यसमा छोराछोरी, बुहारी र छोरातर्फको सन्तानपछि छोरीतर्फको नातिनातिना पनि थप गरिएको छ । ज्येष्ठ नागरिकप्रति निजका सन्तानलाई नै यसले जिम्मेवार बनाउने विषय यसमा समावेश गरिएको छ । ज्येष्ठ नागरिकलाई सन्तानले लालनपालन, हेरविचार गरेनन् भने कानुनअनुसार कोही हकवालालाई जिम्मा लिन मिल्ले विषय पनि यस विधेयकमा समावेश रहेको छ भने दुवैले जिम्मा लिने अवस्था नआए त्यसको सम्पूर्ण जिम्मा राज्यले लिनुपर्ने व्यवस्था यसमा स्पष्टरूपमा उल्लेख गरिएको छ । ज्येष्ठ नागरिकको परिवारको सदस्य, नातेदार वा हकवालाले पालनपोषण तथा हेरचाह नगरेको वा पालनपोषण तथा हेरचाह गर्ने अन्य हकवाला नभई अलपत्र अवस्थामा रहेका ज्येष्ठ नागरिकको जायजेथा वा अंशभाग भएमा स्थानीय तहले आफ्नो स्वामित्वमा ल्याई ज्येष्ठ नागरिकको हकहितका लागि परिचालन गर्ने व्यवस्था गरिएको छ । यसरी आफ्ना बाबुआमाप्रति सन्तान उत्तरदायी भएनन् भने स्थानीय सरकारलाई उत्तरदायी बनाइएको छ ।

यस विधेयकले परिवारलाई मात्र नभई छरछिमेकलाई समेत उत्तरदायी बनाउन खोजेको छ । कुनै परिवारमा ज्येष्ठ नागरिकप्रति दुर्व्यवहार वा कुनै पनि खालको हिंसा भएको जानकारी छिमेकीलाई अवगत भएमा उनीहरूले पनि त्यसको सूचना स्थानीय तहलाई

> नेपाली समाजमा आफूले कमाएको सम्पत्ति विभिन्न बहानामा सबै माग्ने र आमा बुबाले नसकेका अवस्थामा सार्वजनिक पाटीमा बास बसाउने क्रम बढ्न थालेपछि सरकारले ज्येष्ठ नागरिकको सुरक्षालाई ध्यानमा राखी संशोधित विधेयकको आवश्यकता बोध भएको हो । यसले ज्येष्ठ नागरिकको अधिकार संरक्षणमा महत्त्वपूर्ण योगदान हुने विश्वास लिएको छु ।

> अब कोही पनि ज्येष्ठ नागरिकले आफ्ना सन्तान वा सम्पत्तिको दाबेदारबाट उचित लालनपालन वा हेरचाह नपाउने वा अलपत्र अवस्थामा रहनुपर्ने अवस्था आउन दिदैनौं ।

०००

गराउनुपर्छ । वृद्धवृद्धा स्वयंले उजुरी गर्न नसकेमा छिमेकीले उजुरी गरेमा पनि कानुन आकर्षित हुने व्यवस्था गरिएको छ । ज्येष्ठ नागरिक राष्ट्रको गहना भएकाले उहाँहरूको सीप, ज्ञानको उपयोग गर्नेतर्फ सबैले ध्यान दिनुपर्छ ।

**ज्येष्ठ नागरिकले आफूलाई मर्का परेका विषयमा कसरी र कहाँ उजुरी गर्न सक्छन् ?**

अन्य नागरिकसरह ज्येष्ठ नागरिकले आफूलाई छोराछोरी वा अन्य हकवाला नातेदारले उचित पालनपोषण, हेरचाह नगरेमा त्यसका बारेमा स्थानीय निकायको न्यायिक समितिमा उजुरी दिन सक्ने छन् । यस्तो उजुरी छोटो विधिबाट सुनुवाइ गर्न समितिले अलग्गै कार्यविधि तर्जुमा गर्न सक्नेछ । साथै, ज्येष्ठ नागरिकका मुद्दा हेर्नका लागि न्यायपरिषद्को परामर्शमा छुट्टै ज्येष्ठ नागरिक इजलास गठन गर्नसक्ने व्यवस्था पनि विधेयकमा गरिएको छ ।

**आर्थिक अवस्था सम्पन्न भएका ज्येष्ठ नागरिकको लालनपालन गर्ने व्यक्ति नहुँदा पनि उनीहरूले अनेक समस्या झेल्नुपरेको छ । यसमा सरकारको योजना के छ ?**

हो, हाम्रो समाजमा आर्थिक हिसाबले सम्पन्न रहेका ज्येष्ठ नागरिकले पनि सहाराविहीन बन्नुपरेको छ । जापानलगायत धेरै देशमा नेपालबाट ज्येष्ठ नागरिकको हेरविचार गर्न रोजगारीका लागि धेरै कामदार जाने गरेका छन् । अब हामी देशमै यस किसिमको रोजगारीको अवसर सिर्जना गर्दै छौं । नेपालमै आर्थिक हिसाबले सम्पन्न ज्येष्ठ नागरिकको हेरचाह गर्ने व्यक्तिका लागि तालिम सञ्चालन गर्नेछौं र उनीहरूलाई स्वदेशमै रोजगारी दिनेछौं । यसका लागि आवश्यक प्रक्रिया अगाडि बढिसकेको छ । यसले राज्यलाई पनि फाइदा हुनेछ भने रोजगारीको पनि अवसर प्राप्त हुनेछ । आफ्नै आर्जन भएका वा विदेशमा रहेका छोराछोरीले आफ्ना बाबुआमाको हेरचाह गर्ने भरपर्दो व्यक्ति भएमा आवश्यक रकम पठाउन तयार रहेकाले यसलाई छिट्टै कार्यान्वयनमा ल्याउनेछौं । मैले आमाबुबा पालेको छु भन्नु भन्दा म आमाबुबासँग बसेको छु भन्ने सोच हरेक छोराछोरी र बुहारीमा आएमा ज्येष्ठ नागरिकका समस्या धेरै हदसम्म समाधान हुनसक्ने भएकाले हाम्रो सोचमै परिवर्तनको खाँचो छ ।

**छोराछोरीले कमाएको निश्चित रकम बाबुआमालाई दिनुपर्ने बाध्यात्मक व्यवस्थाको कार्यान्वयन कसरी हुन सक्दछ ?**

यस विधेयकले नियमित पारिश्रमिक, निवृत्तिभरण पाइरहेका तथा स्वरोजगार व्यक्तिले निश्चित रकम बाबुआमाका नाममा खाता खोली जम्मा गर्नुपर्छ । यसरी जम्मा गरेको जानकारी वार्षिकरूपमा व्यक्तिले स्थानीय तहलाई गराउनुपर्छ । रकम जम्मा नगरे उक्त छोराछोरीलाई सम्पत्ति लिने अधिकार पनि हुँदैन भने बाबुआमाले दायित्व भएका व्यक्ति कार्यरत संस्थामा उजुरी गर्न पाउने व्यवस्था गरिएको छ । कति रकम जम्मा गर्ने भन्ने विषयमा विधेयकमा नभए पनि पछि बन्ने नियमावलीमा स्पष्ट उल्लेख गरिनेछ । यसमा बुबाआमा सँगै बस्नुहुन्छ भने सयुक्त खाता खोल्ने र फरकफरक बस्ने अवस्थामा फरक-फरक खातामा जम्मा गर्नुपर्ने व्यवस्था गरिनेछ ।

**विधेयकमा ज्येष्ठ नागरिकको सवालमा स्थानीय तहलाई बढी नै जिम्मेवार बनाउन खोजिएको देखिन्छ । के हाम्रा स्थानीय तहहरू ती प्रावधानहरू कार्यान्वयन गर्न सक्षम छन् त ?**

विधेयक प्रमाणीकरण भई ऐन बनेपछि स्थानीय सरकारलाई यसमा जिम्मेवार बनाइनेछ । स्थानीय तहले ज्येष्ठ नागरिक मिलन केन्द्र सञ्चालनको तयारी गर्ने छन् । दिवा स्याहार केन्द्र वा आवास गृहको प्रबन्ध गर्नुपर्ने हुन्छ । यसका लागि मन्त्रालयले सम्पूर्ण स्थानीय तहलाई बाध्यकारी तरिकाबाट सूचना प्रवाह गर्नेछ । यस विधेयकलाई ज्येष्ठ नागरिकसमक्ष पुऱ्याउनका लागि स्थानीय तहले जनचेतनामूलक कार्यक्रम पनि सञ्चालन गर्नुपर्ने हुन्छ । अशक्त अवस्थामा रहनुभएको अर्थात् घरबाहिर निस्कन नसक्ने ज्येष्ठ नागरिकको हकमा वृद्धाभत्ता पनि घरमा नै पुऱ्याउने व्यवस्था गर्नुपर्छ भन्दै मन्त्रालयले सबै स्थानीय तहलाई पत्राचार गरेको भए पनि अझै धेरैले त्यसलाई कार्यान्वयन नगरेकाले तत्काल त्यसको कार्यान्वयन गर्न आग्रह गर्दछु ।

**सरकारले यस वर्ष ज्येष्ठ नागरिकलाई दिइने भत्ताको उमेर हद ७० वर्षबाट घटाएर ६८ वर्ष कायम गरेको छ । यसलाई कार्यान्वयन गर्न कत्तिको सहज देख्नुहुन्छ ?**

ज्येष्ठ नागरिकप्रति वर्तमान सरकार निकै उदार रहेको छ । वर्तमान सरकारले यस वर्षको बजेटमा ७० वर्षलाई घटाएर ६८ वर्ष कायम गरेको छ । नेपालीहरूको औसत आयुको आसपास ७० वर्षमा भत्ता वितरण गरेर खासै उपलब्धि नहुने भएकाले यसलाई हाललाई दुई वर्ष घटाएका छौं । अन्तर्राष्ट्रिय अभ्यासमा ६५ वर्षबाट नै ज्येष्ठ नागरिक भत्ता पाउने व्यवस्था रहे पनि हाल नेपालमा त्यसो गर्नसक्ने अवस्था छैन तर छिट्टै ६५ वर्षमै ज्येष्ठ नागरिक भत्ता प्राप्त गर्ने व्यवस्था गरिनेछ ।

**ज्येष्ठ नागरिकका लागि छुट्टै अस्पताल बनाउने कुरा के भइरहेको छ नि ?**

ज्येष्ठ नागरिकका लागि ५० बेडको अस्पताल बनाउनका लागि डिपिआरको काम सम्पन्न भएको छ । उहाँहरूका लागि एउटा मात्रै अस्पतालले नपुग्ने भएकाले गोठाटारबाहेक देशका अन्य स्थानमा पनि अस्पताल निर्माणका लागि छलफल भइरहेको छ । गोठाटारमा अस्पतालसँगै उहाँहरूको लागि आश्रम पनि निर्माण गरिनेछ । त्यहाँको निर्माणको काम सम्पन्न भएसँगै पशुपति वृद्धाश्रममा रहनुभएका सबै आमाबुबालाई गोठाटारमा लैजाने तयारी मन्त्रालयको छ । वृद्धाश्रममा राखेर समाधान खोज्नु हुँदैन । वृद्धाश्रम बाध्यताको उपज रहेकाले त्यसतर्फभन्दा घरलाई स्वर्ग बनाउँदै परिवारसँग बस्ने वातावरण बनाउनुपर्छ । जीवनभर कमाइ गरेर निर्माण गरेको घर नै ज्येष्ठ नागरिकको मन्दिर हो र सन्तान त्यसका पुजारी हुन् ।

**अन्त्यमा केही भन्न चाहनुहुन्छ कि ?**

सन्तानले घरलाई नै स्वर्ग बनाएर बस्नसक्ने वातावरण निर्माण गर्ने गरी विधेयक आएको छ । अस्पताल र सार्वजनिक यातायातमा पनि ज्येष्ठ नागरिकलाई केही सहुलियतको व्यवस्था गरिएको भए पनि त्यस विषय पूर्णरूपमा कार्यान्वयन हुन नसकेकाले सम्बन्धित मन्त्रालयले त्यसतर्फ ध्यान दिन परिपत्र गरेका छौं । हामीले सन्तानलाई नै जिम्मेवार बनाउन खोजेका छौं । यदि जिम्मेवार बहन गर्न नखोजेको अवस्थामा ज्येष्ठ नागरिकलाई अलपत्र पार्न हुन्न भन्ने सरकारको मनसाय हो । त्यसैले हरेक छोराछोरीले भोलि आफू पनि वृद्ध भइन्छ भन्ने वास्तविकतालाई सम्झँदै आफ्ना बाबुआमाको उचित पालनपोषण, हेरविचार गर्न सबैसँग आग्रह गर्दछु ।

# काम नगर्ने ठेकेदारको लाइसेन्स खारेज गर्नुपर्छ : मन्त्री यादव

■ प्रभाव संवाददाता

**वीरगञ्ज–** भौतिक पूर्वाधार तथा यातायात मन्त्री मोहम्मद ईस्तियाक राईले वडाध्यक्षदेखि सांसदसम्म ठेकेदार बनेकोले नै काम नगर्ने प्रवृत्ति बढेको बताएका छन् ।

वीरगञ्जमा शनिबार तिलावे पुलको उद्घाटन गर्दै उनले वडाध्यक्षदेखि सांसदसम्म ठेकेदार बनेको भन्दै नेता बनेर काम नगर्ने ठेकेदारलाई कारबाही गर्ने चेतावनी दिए । उनले जनताप्रति उत्तरदायी नहुने नेतालाई 'नमस्कार' गरेर विदाई गर्नुपर्ने बताए । उनले भने, 'जनताप्रति उत्तरदायी नहुने नेतालाई 'नमस्कार' गर्नु नै ठीक हुन्छ ।' उनले जिम्मेवारी लिएर काम नगर्ने ठेकेदारलाई कारबाही गर्ने जानकारी गराए ।

उनले संघको जिम्मेवारीमा रहेका सडक, पुल लगायतका आयोजनाको काम समयमै सक्ने वतावरण बनाउन सडक विभागका महानिर्देशकलाई निर्देशन दिए ।

वीरगञ्जस्थित पदमरोडको ३ किलोमिटर खण्डमा ११ मिटर कालोपत्रे गर्ने गरी ठेक्का लगाउने, त्रिभुवन राजपथ अर्न्तगत गण्डकदेखि घण्टाघरसम्मको खण्डमा ओभर ले गर्ने लगायतका काम आफ्नो कार्यकालमा सम्पन्न गर्ने मन्त्री राईले जानकारी दिए । उनले आफू मन्त्री हुँदा ८२ वटा पुल अलपत्र रहेकामा त्यसलाई ३४ मा झारेको उनले दावी गरे ।

कार्यक्रममा वन तथा वातावरण मन्त्री प्रदीप यादवले वर्षौंदेखि ठेक्का लिएर बस्ने काम नगर्ने ठेकेदारलाई कारबाही गर्न माग गरे । उनले कालोसूचीमा राखेर मात्रै नहुने देखिएकाले लाइसेन्स नै खारेज हुनुपर्ने बताए ।




हुलाकी राजमार्ग अन्तर्गत वीरगञ्ज-ठोरी र ठोरी-माडी खण्डमा वनका कारण उत्पन्न समस्या समाधानमा वन मन्त्रालयले पहलकदमी लिने उनको भनाइ छ ।

'१/२ वटा रुख काट्न कानुन बाधक बनिदिन्छ, जसका कारण नारायणघाट वीरगञ्ज जोडिने हुलाकी सडक अँधुरो छ । हुलाकी सडक बनेपछि पर्साको विकासले फड्को मार्छ', उनले भने 'दुई हप्ताअघि गएर माडीमा ८ किलोमिटर सडकखण्डको काम सुरु गराइसकेको छु ।

अदालतले हात्ती, बाघ, भालु लगायत वन्यजन्तुको बाटोमा अवरोध पुग्ने हुँदा विकल्प दिनुपर्ने भनेको छ । अण्डर वाइपास वा ओभर वाइपास बनाउने गरी स्वीकृति दिन सकिन्छ । ठोरी-माडी सडकखण्डको पनि अवरोध हट्छ ।'

शनिबारदेखि तिलावे खोलाको नयाँ पुल सञ्चालनमा आएको छ । वीरगञ्ज महानगरपालिका वडा नं १७ र १९ जोड्ने तिलावे नदीको पुल हुँदै पर्साको ग्रामीण क्षेत्रका मानिसहरू विभिन्न कामका लागि वीरगञ्ज आउने जाने गरेका छन् ।

पुल सञ्चालनमा आएपछि सर्वसाधरणले वर्षौंदेखि खेप्दै आएको सवारी जाम हुने सास्तीबाट मुक्ति मिल्ने भएको छ । तर कतिपयले पुल निर्माणको काम शतप्रतिशत सम्पन्न नभई उद्घाटन गरेकोमा कतिपयले असन्तुष्टी जनाएका छन् ।

नयाँ पुलसम्म जानका लागि दुवैतर्फ ३/३ सय मिटर सडक बन्न बाँकी नै छ । त्यसैले तत्कालका लागि नयाँ पुलबाट हलुका सवारी साधन मात्रै सञ्चालन गरिने सडक विभागका महानिर्देशक अर्जुनजंग थापाले जानकारी दिए ।

ठेक्काको म्याद पनि कात्तिक ३० गतेसम्म थप गर्नका लागि प्रस्ताव गरिएको उनले बताए । नयाँ पुलसँगै पुरानो तिलावेको पुरानो पुलपनि मर्मत र रंगरोगन गरेर सञ्चालनमा ल्याईने उनको भनाइ छ ।

# 'अन्तर्राष्ट्रिय बजारको जति मूल्य तिर्न किसानलाई महँगो पर्छ'

**रूपन्देही–** गृहमन्त्री बालकृष्ण खाणले नेपाली नागरिक अनागरिक बन्नुपर्ने परिस्थिति सिर्जना नहोस् भन्नका लागि सरकारले नागरिकता विधेयक ल्याएको स्पष्ट पारेका छन् ।

शुद्धोधन गाउँपालिका-५ मा निर्मित शुद्धोधन उद्यानको शनिबार उद्घाटन गर्दै उनले नेपाली नागरिक नागरिकको अधिकारबाट बञ्चित भएकाले यसलाई चाँडै स्वीकृत गर्नुपर्ने उनको भनाइ थियो ।

शुद्धोधनसहित रूपन्देहीको विकास सबैको चाहना भएकाले शुद्धोधनको विकासको प्रतिफल रूपन्देहीले प्राप्त गर्न सक्नुपर्ने बताए । उनले उद्यान विकासको अपूर्व आधारशिला भएकोले विकास भनेर बाटो मात्रै बनाएर नहुने र बाटोघाटो, नदीनाला, सिँचाइसँगै पार्कको पनि जरुरी भएको बताए ।



त्यस्तै उनले कोरोना संक्रमणका कारण अन्तर्राष्ट्रिय बजारमा रासायनिक मलको मूल्य धेरै पर्ने भएकाले १६ अर्ब रासायनिक मलमा अनुदान छुट्याएको जानकारी गराए । उनले रासायनिक मल खरिदका लागि प्रक्रिया अघि बढेको जानकारी गराउँदै अन्तर्राष्ट्रिय बजारमा जति मूल्य तिर्न किसानलाई महँगो पर्ने बताए । अहिले विभिन्न स्वरूपमा मल आयात भए पनि पर्याप्त नभएकोले अहिले विभिन्न देशसँग संवाद गरिराखेकाले छिट्टै समस्या समाधान हुने विश्वास व्यक्त गरे ।

कार्यक्रममा लुम्बिनी प्रदेशका पर्यटन, ग्रामीण तथा सहरी विकासमन्त्री डिल्लीबहादुर चौधरीले शुद्धोधनलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सहयोग गर्ने प्रतिबद्धता जनाए । प्रदेशसभाका सदस्य तुल्सी चौधरी र पुष्पा थरुनीले उद्यान निर्माणमा अवरोध सिर्जना भए पनि सम्पन्न भएपछि पालिकाको पहिचान बनेको बताए ।

गाउँपालिका अध्यक्ष विष्णुप्रसाद बस्याल, उपाध्यक्ष शान्तीदेवी ज्ञवाली लगायतले उक्त उद्यानको विकास र सौन्दर्यीकरणका लागि प्रदेश र संघीय सरकारको सहयोग आवश्यक रहेको बताए । गाउँपलिकाका प्रवक्ता केशवप्रसाद अधिकारीका अनुसार मानपकडीमा निर्माण गरिएको शुद्धोधन उद्यानमा जिराफ, सिंह, बाघ, चितुवा, गैडा, कङ्गारु, उट, डाइनोसरलगायत जनावर र चराका आकृतिका मूर्ति राखिएका छन् ।

किनारमा पाम ट्री, गौतमबुद्धको मूर्ति र वाटर फाउण्टेनले उद्यानलाई थप आकर्षक बनाएको छ । उद्यानको छेवैमा रहेको सुखली घोलामा बाँध बनाई पानी जम्मा गरिएको छ । *रासस*

# लेक लागेर बेहोस भएकाको उद्धार

**रसुवा (प्रस)–** रसुवा जिल्लाको गोसाईकुण्ड गाँउपालिका-५ स्थित गोसाइकुण्ड तिर्थबाट शुक्रबार घर फर्कने क्रममा लेक लागी बेहोस भएका तीन जनाको सशस्त्र प्रहरीले सकुशल उद्धार गरेको छ ।

बेहोस हुनेहरूमा नुवाकोट जिल्लाको ककनी गाँउपालिका-८ बस्ने ४५ बर्षिय नारायण भण्डारी र सोही जिल्लाको बिदुर नगरपालिका ११ बस्ने २० बर्षिय साधना प्याकुरेल र धादिङ्ग जिल्लाको निलकण्ठ नगरपालिका ३ बस्ने १० बर्षिय निर्जिव दुवाडी छन् ।

सो बारे जानकारी प्राप्त भएपश्चात सशस्त्र प्रहरीले उनीहरूलाई पिठ्यूमा बोकी धुन्चे अस्पताल ल्याउने क्रममा उनीहरूको बाटोमै स्वास्थ्यमा सुधार आएपछि आफन्तको जिम्मा लगाई पठाइएको छ ।



## सवारी दुर्घटनामा एक प्रहरीको मृत्यु

**रूकुम पूर्व (प्रस)–** पुथा उत्तरगंगा गाउँपालिका-११ तल्लोसेरा भन्ने स्थानमा लु.१ झ ६६० नम्बरको गाडी सडकबाट अन्दाजी १५० मिटर तल खसेर शनिबार दुर्घटना हुँदा गाडीमा सवार प्रहरी जवान लक्ष्मण पुनको मृत्यु भएको छ भने ५ जना प्रहरी कर्मचारीहरू घाइते भएका छन् ।

प्रमुख जिल्ला अधिकारी तुलराज सुनुवार, जिल्ला प्रहरी कार्यालय रुकुम (पूर्व) का कार्यालय प्रमुख प्रहरी नायव उपरीक्षक प्रकाश डाँगी र सशस्त्र प्रहरी बल आश्रित गुल्म रुकुम (पूर्व) का प्रमुख सशस्त्र प्रहरी नायव उपरीक्षक रबिन्द्र श्रेष्ठ सहितको टोली ईलाका प्रहरी कार्यालय तकसेरा निरीक्षण तथा सो क्षेत्रको शान्ति सुरक्षाको वस्तुस्थिति बुझ्न जाने क्रममा प्रहरी कर्मचारीहरूमात्र सवार उक्त गाडी दुर्घटना भएको हो ।

# पर्यटकीय आकर्षणको केन्द्र बन्दै महभिर झरना

■ युवराज विष्ट

**भोजपुर–** भोजपुरको टेम्केमैयुङ गाउँपालिकामा रहेको महभिर झरना पर्यटकको आकर्षणको केन्द्रको रूपमा विकास हुन थालेको छ । गाउँपालिकाले विकास तथा संरक्षणमा ध्यान दिएसँगै यहाँ पुग्ने आन्तरिक तथा बाह्य पर्यटक वृद्धि हुन थालेको हो । गाउँपालिका-४ नागीमा रहेको यो झरना ६० मिटर अग्लो छ । विगत वर्षमा भिरमौरी बस्ने भएकाले यो झरनाको नाम नै महभिर झर्ना रहेको स्थानीयवासीले बताउने गरेका छन् । बाह्रै महिना भिरको छाँगोबाट झर्ने पानीले पर्यटकको मन लोभ्याउने गरेको छ । खास गरेर यहाँ गर्मीको समयमा बढी मानिस झरनाको मज्जा लिन पुग्ने गरेका छन् ।

गाउँपालिकाले यहाँ पुग्ने बाटो विस्तार गरेसँगै झर्ना वरिपरि पर्यटकलाई लक्ष्य गरेर विभिन्न संरचना निर्माण गरिदिएको छ । भोजपुर सदरमुकामबाट करिब २९ किलोमिटर र गाउँपालिका केन्द्रबाट करिब साढे चार किलोमिटर पश्चिममा अवस्थित यो झरनामा बाह्रै महिना पानी एकनासले बग्ने गर्दछ । झरनाबाट झरेको पानीको फोहराले पर्यटकको मन लोभ्याउने गरेको छ । दैनिक ११-१२ समूह झरना भएको स्थलमा रमाइलो गर्न पुग्ने गरेको स्थानीयवासीको भनाइ छ । विगतमा प्रचारप्रसारको अभावले ओझेलमा परेको झरनासम्म पुग्न गाउँपालिकाले पदमार्ग निर्माण गरिदिएपछि आन्तरिक पर्यटकको आकर्षण बढेको हो ।

पर्यटक झरनासम्मै पुगेर मनोरम दृश्यको रसास्वादन गर्ने गरेका छन् । झरनाको थप प्रचारप्रसार भएसँगै आवश्यक पूर्वाधारको विकास गर्नसके गाउँपालिकालाई आर्थिक स्रोत संकलन गर्न धेरै सहज हुने स्थानीय शिवकुमार राईले बताए । उनले भने, 'यो झरनामा पर्यटकको संख्यामा वृद्धि भइरहेको छ । गाउँपालिकाको केन्द्र तथा सदरमुकामबाट जनिकै रहेकाले पनि झरना हेर्न दैनिकजसो मानिस आउने गरेका छन् । यसलाई अझ प्रचारप्रचारमा ध्यान दिनसके गाउँपालिकाको लागि राम्रो आर्थिक स्रोत बन्न सक्छ ।' भोजपुर र खोटाङको सदरमुकाम दिक्तेल जोड्ने मध्यपहाडी लोकमार्ग यही क्षेत्र भएर विस्तार भएकाले झरना हेर्ने मानिसको संख्यामा वृद्धि भएको पाइन्छ । झरना मुख्य राजमार्गबाट करिब साढे दुई किलोमिटर भित्र पर्छ । यो क्षेत्र भएर यात्रा गर्ने मानिस प्रायः झरनाको अवलोकन गर्न जाने गरेका छन् ।

टेम्केमैयुङ गाउँपालिकाको यो भेगमा पर्यटकीय क्षेत्र धेरै छन् । पर्यटकीय गन्तव्य चखेवा डाँडा तथा टेम्के डाँडा, मैयुङ डाँडा पनि यही मार्ग भएर जानुपर्ने हुन्छ । त्यस्तै गाउँपालिका-२ मा रहेको गोठेसिं होमस्टे पनि यही भेगमा पर्ने भएकाले घुम्न जाने मानिसको संख्या दिनानुदिन बढ्दै गएको स्थानीयवासीको भनाइ छ । यो झरनासँगै गाउँपालिकाभित्र रहेकृअन्तर्राष्ट्रिय बजारको जति मूल्य तिर्न किसानलाई महँगो पर्छ : गृहमन्त्री खाण पर्यटकीय क्षेत्रको विकासमा प्राथमिकताको साथ काम गर्ने गाउँपालिकाले जनाएको छ । यो झरना हुँदै पदमार्ग विस्तार गरेर पर्यटकलाई सहज आवागमनका लागि काम गर्ने लक्ष्य रहेको गाउँपालिका अध्यक्ष सरोज बस्नेत जानकारी दिए ।

यसका लागि अञ्चल डाँडाबाट महभिर हुँदै चखेवा भञ्याङ र वडा नं ५ खावा, चोलन्तीलगायत क्षेत्रबाट आउने पर्यटकलाई लक्षित गरेर हुँगेबाट झरना हुँदै चखेवाभञ्ज्याङसम्म पदमार्ग विस्तार गर्ने योजना रहेको उनको भनाइ छ । त्यस्तै झरना आसपासमा ससाना दह निर्माण गरेर माछापालन तथा पार्क निर्माण गर्नाका साथै आगन्तुकलाई लक्षित गरेर खाजा, नास्ता खाने ठाउँको व्यवस्थापन गर्ने अध्यक्ष बस्नेत बताउँछन् ।

उनी भन्छन्, 'पछिल्लो समय झरनामा आन्तरिक तथा बाह्य पर्यटकको आवगमन बढेको छ । यो झरनासम्म पुग्नका लागि हामी सहज आवागमनको व्यवस्था मिलाउने तयारीमा छौं । यहाँ पुग्न पदमार्ग निर्माण गर्ने योजना छ । गुम्न आउने मानिसले यहाँका मुख्य पर्यटकीय क्षेत्र महभिर झर्ना, चखेवाभञ्ज्याङ, टेम्केडाँडा र मैयुङ डाँडा एकै प्योजकमा घुम्नसक्ने गरी संरचना निर्माण गर्ने योजना छ ।'

मुन्दुम पदमार्गले पनि यहाँका धेरै पर्यटकीय क्षेत्रलाई समेटेको छ । यसको पनि थप विकासमा ध्यान दिने अध्यक्ष राई जोड दिन्छन् । महभिर झरनालाई पर्यटकीय क्षेत्रका रूपमा स्थापित गराउने उद्देश्यका साथ विकासको काम गरिरहेको गाउँपालिका उपाध्यक्ष रमा राई उल्लेख गरे । यहाँ आवश्यक केही पूर्वाधार निर्माण भए पनि थप संरचना निर्माण गर्ने उनको भनाइ छ । टेम्केमैयुङ प्राकृतिक स्रोत तथा पर्यटकीय क्षेत्रको धेरै सम्भावना भएको गाउँपालिका रहेकाले यसलाई पर्यटनसँग जोडेर अगाडि बढाउने योजना रहेको उपाध्यक्ष राई चर्चा गर्छन् । उनी भन्छन्, 'हाम्रो गाउँपालिका पर्यटकीय हिसाबले निकै धनी छ । यहाँ दर्जनौं पर्यटकीय क्षेत्र छन् । तिनीहरूको नमूनायोग्य विकास गरेर गाउँपालिकालाई पूर्वको एक पर्यटकीय क्षेत्रका रूपमा स्थापित गर्ने लक्ष्य छ ।' *रासस*

## लागुऔषधसहित पक्राउ

**सुर्खेत (प्रस)–** वीरेन्द्रनगर नगरपालिका-९ घिमिरेडाँडाबाट करिब ३ सय ८० मिलिग्राम अवैध लागुऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ सहित सोही नगरपालिका-६ बस्ने ३१ वर्षीय भिम बहादुर रोकायसमेत ३ जनालाई शुक्रबार प्रहरीले पक्राउ गरेको छ । विशेष सूचनाको आधारमा नगर प्रहरी कार्यालय र कर्णाली प्रदेश लागुऔषध नियन्त्रण ब्यूरोबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो ।


**Indrawati Rural Municipality**
**Office of Rural Municipal Executive**
**Nawalpur, Sindhupalchok**
**Bagmati Province, Nepal**

**Invitation for E- Bid**

**Date of publication: 2079/04/29 (14/08/2022)**

Indrawati Rural Municipality invites electronic bids from eligible bidders for the construction of works mentioned below under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures and NCB procedures. Eligible Bidders may obtain further information through PPMO e-GP system www.bolpatra.gov.np/egp or may visit Indrawati Rural Municipality website www.indrawatimun.gov.np.

| S.N | Project Name | Contract ID | Last Date of Bid Submission | Date of Bid Opening | Bid validity period | Bid Security Amount | Cost Estiate (Ex Vat & Contengency | Bid Document Fee |
|---|---|---|---|---|---|---|---|---|
| 1. | Jyamiremane Nawalpur Sadak Kalopatre | IRMSI/W/NCB/079/080-01 | 13/09/2022 12:00 hrs. | 13/09/2022 13:00 hrs. | 90 days | 23,00,000.00 | - | 5,000.00 |
| 2. | Upgrading works of Bahunebesi Jyamiremane Sadak | IRMSI/W/NCB/079/080-2 | | | | 5,00,000.00 | 1,70,17,319.00 | 3,000.00 |
| 3. | Upgrading works of Bahunepati Pyughar Aiselukharka Sadak | IRMSI/W/NCB/079/080-03 | | | | | 1,70,12,708.45 | |
| 4. | Upgrading works of Sipaghat Dumindada Deurali Gahate Sadak | IRMSI/W/NCB/079/080-04 | | | | | 1,70,10,305.89 | |

**Chief Adminstrative Officer**

प्रभाव दैनिक

रूपशाला

## करणको 'द काइट्स' सार्वजनिक

नवगायक करण राईको पहिलो गीति एल्बम'द काइट्स' सार्वजनिक भएको छ । राजधानीमा गायक गणेश रसिक, गायक राजेशपायल राई, अभिनेता दयाहाङ राई, रैथाने संगीतज्ञ झुमा लिम्बु र कवि, गीतकार तथा निर्देशक प्रकाश आङ्देम्बेले एल्बम सार्वजनिक गरे । एल्बम सार्वजनिक गरेपछि करणले दुई गीत 'रानी हो' र 'चङ्गा' ब्याण्डका साथ गाएका थिए ।



आइतबार, २९ साउन २०७९ (Sunday, Aug 14, 2022)

# 'सीताको क्यारेक्टरले धेरै सिकायो'



■ प्रभाव संवाददाता

**काठमाडौं–** दिया मास्के आउँदो फिल्म ' प्रकाश' मा सीताको भूमिकामा छिन् । उनले घरमुलीको भूमिका निर्वाह गरेकी हुन् । त्यसैले त टेलिभिजन शो 'रोडिज' मा मोडर्न देखिने दिया यसमा जुम्लाकी एक सामान्य महिलाको रूपमा प्रस्तुत छिन् ।

थियटरमा काम गर्ने कलाकार भएकाले उनले आफ्नो भूमिकालाई जीवन्त बनाउन कुनै कसर बाँकी राखेकी छैनन् । जुम्लामा ४५ दिनको हाराहारीमा छायांकन भए पनि उनी त्यहाँ दुई महिना बसेकी थिइन् । उनी त्यहाँ दुई साता बढी बस्नुको कारण भूमिकालाई जीवन्त बनाउनु थियो ।

सम्पन्नतामा बाल्यकाल बिताएकी मात्र नभई एसएलसीपछि नेपाली भाषा जानेकी दियाले क्यारेक्टरलाई जीवन्त बनाउन गरेको मेहनत त प्रशंसायोग्य छ नै, साथै उनले स्वीकारेको भूमिका पनि आफैंमा च्यालेन्जिङ छ । किनकि उनले अभिनेता प्रदीप खड्काको आमाको भूमिका निर्वाह गरेकी छन् । उनी आफ्नो उमेरभन्दा बढी उमेरको भूमिकामा प्रस्तुत भएकी छिन् ।

श्रीमान् नभए पनि छोरालाई शिक्षक बनाउन संघर्ष गरेकी महिला हुन् सीता । आफ्नो परिवारको निर्णय आफैंले लिनुपर्ने, घरमुलीको दायित्व निर्वाह गर्नुपर्ने सीताले जुम्लाको द्वन्द्वपछि श्रीमान् नभएकी एकल महिलाको भूमिका निभाएकी हुन् । उनी सक्षम छिन्, तर उनलाई सघाउन नयाँ व्यवस्था मितव्ययी छैन । त्यसैले उनी श्रीमानको सपनालाई पूरा गर्न र छोरा शिक्षक बनेको हेर्न संघर्षरत छिन् । 'सीतामार्फत दियाले धेरै कुरा सिकेकी छिन् । घरमुलीको दायित्वसँगै समाजसँग गर्ने संघर्ष र त्यो जुम्लाको जीवनले धेरै प्रेरणा दिएको छ' उनले भनिन् ।

फिल्ममा अन्तिम समयमा जोडिएकी दियाले आफ्नो क्यारेक्टरको बारेमा स्क्रिप्टमै बुझेकी थिइन् । त्यसलाई जीवन्त बनाउन उनले छायांकनबाहेक दुई साताभन्दा बढी समय जुम्लामा बिताइन् । त्यहाँको स्थानीय महिलाले गर्ने व्यवहार, उनीहरू शारीरिक अवस्था, संघर्ष, हाउभाउलाई एडप्ट गरिन् । फलतः उनले डोको बोक्नेदेखि हलो जोत्नेसम्म गरिन् । उनले आफूलाई जीवन्त बनाउन छायांकन अवधिभरि झन्डै ४५ दिनसम्म शरीरको देखिने भाग हात, खुट्टा, घाँटी सफा गरिनन् ।

उनले आफूलाई जुम्लेली नै बनाइन् । त्यसले उनलाई क्यारेक्टरमा रहन मद्दत गऱ्यो । त्यो समयमा उनको हातखुट्टा, ओठ पनि फुटेको थियो । समय बित्दै गएपछि ती भागमा सुख्खा भएर रगतसम्म आउँथ्यो । त्यसबाट उनलाई रिकभर हुन् अहिलेसम्म समय लागेको छ । केही असर अझैं बाँकी छन् । 'सबै कुरा मेकअपमा मात्र डिपेन्ड हुनु हुन्न् भनेर ४५ दिन जति देखिने शरीरको भागलाई सफा गरिन् । किनकि बाहिरी आवरणले मात्र त्यो पात्रमा जीवन भर्न सहज थिएन,' दियाले भनिन् ।

फिल्मको छायांकनको अवधिमा मेकअप वा अन्य कारणले क्यारेक्टरलाई जीवन्त बनाउन नसकिने भएकाले उनले त्यस्तो गरेकी हुन् । 'मैले त्यसो गर्दा पेनलाई फिल गर्न पाएँ । छायांकन सकिएको एक वर्षसम्म पनि मेरो खुट्टा फुट्ने, रगत आउने समस्या हुन्थ्यो,' उनले भनिन् । उनले यस्तो गर्दा क्यारेक्टरमा देखिने स-साना गतिविधिसमेत स्थानीयको झैं थ्यो । हिँड्दा खुट्टामा आउने समस्या, सुख्खा भाग फुट्ने समस्याले क्यारेक्टरमा जीवन भरेको थियो ।

पहिलोपटक दलनमा काम गर्दा निकै समस्या झेलेकी दिया अहिले भने क्यारेक्टरलाई सजिलै एडप्ट गर्नुका साथै छाड्न पनि सक्छिन् । यद्यपि त्यसका लागि उनले गर्ने मेहनत छँदैछन् । सीताको भूमिका निर्वाह गर्दै गर्दा उनलाई केही निर्देशकले अब आफ्नो उमेरअनुसारको भूमिका नपाउन सक्नेतर्फ संकेत पनि नगरेका होइनन् । तर यसलाई उनी सहजै लिन्छिन । 'मैले कुनै क्यारेक्टर गर्छु भने त्यहाँ दिया नभई त्यही क्यारेक्टर देखिनुपर्छ । त्यही प्रयास रहन्छ । मैले एउटा रोल गर्दा अर्को खोसिन्छ भने त्यसमा म सोच्दिनँ,' उनले भनिन् ।

सीताले गर्ने दुःख जुम्लाकी महिलाले सहजै गर्छन् । पर्दामा आफ्नो भूमिका असुहाउँदो नदेखियोस् भनेर नै उनले सक्दो जीवन भर्ने प्रयास गरिन् । उनी जुम्ला पुगेर भाषा मात्र नभई जीवनशैलीमै पस्ने प्रयास गरिन् । उनले डोको बोक्ने महिलाको थाप्लो चुल्ठो बाट्ने तरिका, सुल्पा खाने बानी सिकिन् । उनी डाँडामा पुगेर बारीमा मल छर्ने, हल जोत्ने काम गरिन् । उनलाई सुल्पा खाने बानीले असर पनि गऱ्यो । उनले काठमाडौं फर्किएपछि आफ्नो शारीरिक जाँचसमेत गराइन् । किनकि उनलाई छातीमा केही समस्या आएको थियो ।

'मैले स्थानीय बनेपछि त्यहाँ हुने हरेक गतिविधि गर्नुपर्ने हुन्छ । जुम्लाकै कसैले फिल्म हेर्दा बाहिरी नलागोस् भनेर सुल्पासमेत तानेकी हुँ,' उनले भनिन् । त्यसो त उनले सीतालाई जिउने मानसिक रूपमा तयारी गरे पनि शारीरिक रूपमा मेकअपको सहारा लिने सोच बनाएकी थिइन् । तर छायांकन हुनु दुई साता अगाडि नै जुम्ला पुगेपछि उनले मेकअपभन्दा पनि स्थानीयकै जीवनशैली अपाउने निश्चय गरिन् । फलतः मेकअपसँगै उनमा देखिएको जीवन्त अभिनय उनकै मेहनतको प्रतिफल हो ।

दिया आफ्नो काममा इमान्दारिता देखाउन कन्जुस्याइँ गर्दिनन् । यसलाई दर्शकले कसरी लिन्छन् भन्ने सोच्नेभन्दा पनि आफ्नो भूमिकालाई जीवन्त बनाउनेतर्फ उनको बढी समय जान्छ । उनले आउने प्रतिक्रियाले हौसला मिल्ने भए पनि आफ्नो काम प्रतिको इमान्दारिताकै रूपमा मात्र यसलाई लिन्छिन् । 'मैले आफूले पाएको भूमिकालाई जीवन्त बनाउन गर्ने मेहनत इमान्दारिताका साथ गर्नुपर्छ । त्यसलाई दर्शकले नोटिस गरिदिनुभएमा सुनमा सुगन्ध हुन्छ । नत्र आउने प्रतिक्रियाका आधारमा एउटा कलाकारले अभिनय गर्नु हुन्न । हामीले आफ्नो तर्फबाट इमान्दारिताका साथ् काम गर्ने हो,' दियाले भनिन् ।

महेन्द्र अधिकारी जस्ता निर्माताले मौलिक कथालाई मौलिक तरिकाले ल्याउन गरेको आँटको पनि उनी तारिफ गर्छिन् । दिनेश राउतको निर्देशकीय शैलीले पनि उनलाई काम गर्न सहज भयो । फिल्ममा दिया र प्रदीपसँगै रेनु योगी, प्रकाश घिमिरे, निरज पन्थी, गोविन्द सुनुवार, रामबाबु रेग्मी, लोकेन्द्र लेखक, दिपेन्द्र शाहीलगायतका कलाकारको अभिनय रहेको छ ।

विकास सुबेदीको लेखन रहेको फिल्मले माओवादी द्वन्द्व पश्चात देश शान्ति प्रक्रियामा आइसकेपछि एक युवाले शिक्षक बन्न गर्ने संघर्षको कथा प्रस्तुत गर्छ । समाज, राजनीति, पारिवारिक द्वन्द्वकै सेरोफेरोमा 'प्रकाश' को कथा र यात्रा छ । आगामी १० भदौदेखि प्रदर्शनमा आउने फिल्म बिनिस इन्टरटेनमेन्टको ब्यानरमा महेन्द्र अधिकारीले निर्माण गरेका हुन् ।

# महानगरको अफिसियल पोस्टर सार्वजनिक



■ प्रभाव संवाददाता

**काठमाडौं–** फिल्म 'महानगर (वान नाइट इन काठमाडौं)'को अफिसियल पोस्टर सार्वजनिक भएको छ । एक साँझ दुई अपरिचित व्यक्तिको अनायस हुने भेट र त्यसपछिको घट्नाक्रमको कथालाई लिएर बनेको सो फिल्ममा कार्म र मेनुका प्रधानको मुख्य भूमिका रहेको छ ।

सन् २०२१ म कोलकता अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा विश्व प्रिमियर भएको यस फिल्मअमेरिकाको ब्रुकलिन फिल्म फेस्टिभल, नेपाल अमेरिका अन्तर्राष्ट्रिय फिल्म फेस्टिभल, वासिङ्गटन डी.सी. साउथ एसियन फिल्म फेस्टिभल, स्पेनको एसियन फिल्म फेस्टिभल बार्सिलोना र नेपालको पामे अन्तर्राष्ट्रिय फिल्म फेस्टिभल र नेपाल अन्तर्राष्ट्रिय फिल्म फेस्टिभल (निफ) मा अफिसियल स्क्रिनिङ्ग भइसकेको छ । यसका साथै इण्डस भ्याली इन्टरन्याश्नल फिल्म फेस्टिभलमा पनि फिल्म छनोट भएको छ ।

फिल्मले निफमा राष्ट्रिय चलचित्रको क्याटगोरीमा उत्कृष्ट चलचित्र, उत्कृष्ट पटकथा, अभिनय तथा निर्देशनको अवार्ड प्राप्त गरेको थियो भने नेपाल अमेरिका अन्तर्राष्ट्रिय फिल्म फेस्टिभलमा नेपाली पानोरामअन्तर्गत अनरेवल मेन्सन प्राप्त गरेको थियो ।

माउन्टेन रिभर फिल्मस् तथा गो विन् प्रोडक्सन्ससँगको सहकार्यमा मिडलवे फिल्मसले निर्माण गरेको महानगरको लेखन निर्देशन मोहन राईले गरेका हुन् भने फिल्ममा नरेन्द्र मैनालीको छायाङ्कन, परीक्षित झाको सम्पादन, किशोर आर्चायको ध्वनि सम्पादन तथा पुष्पासंगमको संगीत रहेको छ । फिल्मको कार्यकारी निर्माता गोविन्द पराजुली हुन भने नवनिधि दाहाल यसका क्रिएटिभ प्रडुसर हुन् । फिल्मको प्रर्दशन निकट भविष्यमा गर्नका लागि तयारी भइरहेको कार्यकारी निर्माता गोविन्द पराजुलीले बताएका छन् ।

रंगशाला

# युवा दिवसमा दौड प्रतियोगिता सम्पन्न



■ प्रभाव संवाददाता

**काठमाडौं** – नेपाली कांग्रेसका नेता राजेन्द्रकुमार केसीले मुलुकको विकासका लागि युवा उद्यमशीलताको आवश्यकता रहेको बताएका छन् ।

काठमाडौं महानगरपालिका-१४ स्थित कुमारी क्लबले अन्तर्राष्ट्रिय युवा दिवसका अवसरमा आज आयोजना गरेको दौड प्रतियोगिताको शुभारम्भ गर्दै नेता केसीले युवा वर्गलाई सिर्जनशील तथा उद्यमशील बनाउन सरकारले लगानी बढाउनुपर्नेमा जोड दिए । युवा वर्गको समग्र हित र अधिकारको विषयलाई व्यवस्थित गर्नुपर्नेमा जोड दिँदै उनले युवा पिँढीमा रहेका क्षमताको उजागर गरी दिगो विकास लक्ष्य हासिल गर्न सकिने बताए । विभिन्न सामाजिक क्षेत्रमा क्रियाशील क्लवले गरेका कार्यको सरहाना गर्दै नेता केसीले देश विकासको अभियानमा युवा वर्गमा रहेका सीप तथा क्षमता उपयोग गर्नुपर्नेमा जोड दिए ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य नानु बास्तोलाले अन्तर्राष्ट्रिय युवा दिवसले समतामूलक र शान्तिपूर्ण समाज निर्माण गर्न सबैलाई प्रेरित गर्ने विश्वास व्यक्त गरे । नेपाल ट्रेड युनियन कांग्रेसका कोषाध्यक्ष मोहनकुमार बस्नेतले सरकारको व्यवस्थापकीय कमजोरीले शिक्षित युवाले समेत आफ्नो योग्यता र क्षमता अनुसारको काम तथा रोजगारी नपाई विदेशिनुपर्ने बाध्यता रहेकामा चिन्ता व्यक्त गरे ।

क्लबका पूर्वअध्यक्षत्रय नकुल हमाल ठकुरी, बालकृष्ण मैनाली र जगन्नाथ अर्याल तथा समाजसेवी कल्पना थापालगायतले युवा उद्यमशीलता विकास, युवा रोजगारी प्रवर्द्धन, विकास निर्माणमा युवा सहभागिताको खाँचो औंल्याए । क्लबका सचिव मनोज राजभण्डारीले क्लबले युवा वर्गको नेतृत्व विकास, युवा स्वास्थ्यलगायतका क्षेत्रमा कार्य गर्दै आएको जानकारी गराए ।

क्लबका अध्यक्ष रामकुमार बस्नेतले युवा वर्गलाई जीवनोपयोगी सीप र कौशलको विकास गरी उनीहरूको जीविकोपार्जन हुन सकेमा मात्र देश विकासमा सहयोग पुग्ने बताए ।

यसैबीच पुरुषतर्फ पाँच किलोमिटर दौडमा दीपसन ठकुरी, माइकल गरभुजा र शिशिर बस्नेत क्रमशः पहिलो, दोस्रो र तेस्रो भई रु १० हजार, रु सात हजार र रु पाँच हजार पुरस्कार प्राप्त गरे ।

प्रतियोगिताका संयोजक सागर मल्लका अनुसार महिलातर्फ तीन किलोमिटर दौडमा सिवानी विष्ट, पूजा विक र इशा मोर क्रमशः पहिलो, दोस्रो र तेस्रो भई रु सात हजार, रु पाँच हजार र रु तीन हजार पुरस्कार प्राप्त गरे ।

## प्रभाकर नेपाल आइपुगे

**काठमाडौं (प्रस)–** नेपाली राष्ट्रिय क्रिकेट टिमका नवनियुक्त मुख्य प्रशिक्षक मनोज प्रभाकर नेपाल आईपुगेका छन् । मुख्य प्रशिक्षक प्रभाकर शनिबार साँझ नेपाल आईपुगेका हुन् । उनलाई क्यानका पदाधिकारीले त्रिभुवन विमानस्थलमा स्वागत गरे ।

मुख्य प्रशिक्षक पुबुदु दासानायकेले केहि साता अघि राजीनामा दिएपछि क्यानले प्रभाकरलाई नियुक्त गरेको हो । क्यानले प्रभाकरसँग एक वर्षको सम्झौता गरिएको जनाएको छ ।

नेपालको मुख्य प्रशिक्षकका रूपमा प्रभाकरको पहिलो प्रतियोगिता केन्याविरुद्धको रहने छ ।

नेपाली टोली भदौ पहिलो साता केन्या भ्रमणमा निस्कने छ । केन्यामा रहँदा नेपालले ५ खेलको टी-ट्वान्टी सिरिज खेल्नेछ । नेपालको ३ खेलको ५० ओभरको सिरिज पनि रहेको छ ।

भारतका पूर्व अलराउण्डर प्रभाकर रणजी ट्रफी विजेता प्रशिक्षक हुन् । प्रभाकरले भारतका लागि ३९ टेस्ट र १ सय ३० एकदिवसीय अन्तर्राष्ट्रिय खेलेका थिए । उनले अफगानिस्तानको बलिङ प्रशिक्षक रहेर काम गरिसकेका छन् । उनले रणजी ट्रफी टिम दिल्लीसँगै राजस्थान र युपी क्रिकेट एसोसियनको प्रशिक्षक भएर काम गरिसकेका छन् ।

# रंगशाला निर्माणमा मन्त्री ढकालको जोड

■ प्रभाव संवाददाता

**भक्तपुर–** बागमती प्रदेशका युवा तथा खेलकुदमन्त्री रत्नप्रसाद ढकालले प्रदेशस्तरको खेलकुद प्रतियोगिता आयोजनाको लागि खेलकुद पूर्वाधार अभाव हुन नदिन प्रादेशिक खेलमैदानलाई स्तरोन्नति गर्दै रंगशाला र कभर्ड हल निर्माणमा जोड दिँदै आएको बताएका छन् ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र मन्त्री ढकालबीच शनिवार भक्तपुर नगरपालिकाको सभाकक्षमा भएको भेटवार्तामा मन्त्री ढकालले प्रदेश सरकार र स्थानीय तहबीचको सहकार्यले विकासको नयाँ मोडल स्थापित गर्न मद्दत पुऱ्याउने विश्वास व्यक्त गरे । भेटघाटमा भक्तपुरको खेलकुद क्षेत्रको विकास र खेलमैदान स्तरोन्नति गर्ने विषयमा पनि छलफल भएको भक्तपुर नगरपालिकलो जनायो ।

भेटमा भक्तपुर नगरपालिकाका प्रमुख प्रजापतिले भक्तपुरको महेश्वरी रंगशाला निर्माण र सहिद स्मृति खेलमैदान स्तरोन्नतिमा ध्यानाकर्षण गराए । मन्त्री ढकालले भक्तपुरमा महेश्वरी रंगशाला निर्माण र सहिदस्मृति खेलमैदानलाई कभर्ड हलको रूपमा विकास गर्न नगरपालिकासँग सहकार्य गर्दै अगाडि बढ्ने प्रतिबद्धता जनाए ।

नगर प्रमुख प्रजापतिले भक्तपुर नपाले नियमित ६ वटा खेलको प्रशिक्षण, विद्यालयहरूमा पूर्णकालीन खेल प्रशिक्षकहरूको नियुक्तिका साथै अन्तरनगर खेलकुद र अन्तरविद्यालय खेलकुद प्रतियोगिता सञ्चालन गर्दै खेलकुदलाई नागरिकको जीवनको अभिन्न अंगको रूपमा विकास गर्ने प्रयास गरिरहेको बताए । उनले भक्तपुर नपाको ठाउँठाउँमा खेलकुद कभर्ड हलको निर्माणको क्रम जारी रहेको अवगत गराए ।

भेटघाटमा ख्वप कलेज अफ इन्जिनियरिङका ई. अमिल प्रजापतिले महेश्वरी खेलमैदान र सहिद स्मृति खेलमैदानको डिजाइन प्रस्तुतीकरण गरेका थिए ।



# नवौं राष्ट्रिय खेलकुदको तयारीमा म्याग्दी

■ प्रभाव संवाददाता

**म्याग्दी–** जिल्ला खेलकुद विकास समिति म्याग्दी नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि खेलाडी छनोट तयारीमा जुटेको छ । प्रदेश खेलकुद परिषद्को खेल कार्यातालिका अनुसार नवौं राष्ट्रिय भलिबल प्रतियोगितामा सहभागी हुने म्याग्दी जिल्लाका सम्पूर्ण भलिबल खेलाडीलाई आगामी भदौ ३ गतेसम्म खेलाडी दर्ता फारम भर्न र व्यक्तिगत तयारी गर्नका लागि जिल्ला भलिबल सङ्घले आह्वान गरेको छ ।

त्यस्तै भलिबल सङ्घमा आवद्ध म्याग्दी जिल्लाका सम्पूर्ण आधिकारिक रेफ्रीलाई भदौ ३ गतेभित्र बेनीको शिक्षामार्गस्थित सङ्घको कार्यालयमा सम्पर्क गरी लाइसेन्स नवीकरण शुल्क बुझाउन अनुरोध गरेको छ । नवीकरण दर्ता शुल्क नबुझाउने रेफ्रीलाई सङ्घले कुनै पनि मान्यता नदिने निर्णय गरिएको सङ्घका महासचिव कुमार किसानले जानकारी दिएका छन् ।

नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता तयारीका लागि पाँच सदस्यीय जिल्ला छनोट समिति पनि गठन भएको छ । समितिको संयोजकमा सङ्घका उपाध्यक्ष खड्क केसी र सदस्यमा सङ्घका उपाध्यक्ष राजकुमार भण्डारी, महासचिव कुमार किसान, सदस्य मनोज खड्का र गङ्गा तिलिजा रहेका छन् ।

जिल्ला छनोट प्रतियोगितालाई व्यवस्थित तरिकाले सम्पन्न गर्नका लागि उपसमितिसमेत गठन गरिएको छ । उपसमितिका संयोजकमा अशोक शाही र सदस्यमा रामबहादुर गुरुङ, अरुण तिलिजा, समुन केसी, सनमान जुग्जाली र चित्र घर्ती रहेका सङ्घले जनाएको छ ।

जिल्लामा विभिन्न सङ्घसंस्था तथा क्लबले भलिबल प्रतियोगिता सञ्चालन गर्न अनिवार्यरूपमा सङ्घको कार्यालयमा सम्पर्क तथा समन्वय गर्न आह्वान गरेको छ । साथै रेफ्री, अफिसियल शीर्षकमा बजेट व्यवस्थापन गरी प्रतियोगितालाई थप व्यवस्थित र नीति-नियममा रहेर सञ्चालन गर्न सुझावस्वरूप पत्रचार गर्ने निर्णय गरिएको सङ्घका महासचिव किसानले बताए ।

सदरमुकाम बेनीमा भलिबल सङ्घको आफ्नै कोर्ट नभएको, विगतदेखि हालसम्म खेलमैदानको अभावमा तालिम वा खेल सञ्चालन गर्न निजी विद्यालयको खेलमैदान प्रयोग गर्नुपर्ने अवस्था रहेको छ । खुलामञ्चबाहेक अरु विकल्प नरहेको परिस्थितिमा तत्कालका लागि अस्थायीरूपमा भए पनि कुनै व्यक्तिको जग्गा भाडामा लिएर खेलअभ्यास तथा प्रतियोगिता सञ्चालन गर्ने योजना अघि सारेको सङ्घले यस कार्यमा आवश्यक सहयोगका लागि सबै पक्षसँग समन्वय गर्ने निर्णय गरेको छ ।

गाउँ-गाउँमा माटोको भलिबल कोर्टलाई प्लास्टर तथा ढलान गरी पक्की बनाउने कार्य भइरहकाले यसबाट भलिबल खेल क्षेत्रलाई भविष्यमा ठूलो असर पुऱ्याउने खतरा देखिएकाले यसको विकल्पमा छुट्टै खेलमैदान बनाउनका लागि सबै क्लबलाई सचेत गराउने गरी जिल्लाभर अभियान सञ्चालन गरिने सङ्घले जनाएको छ । नवौं राष्ट्रिय खेलकुदअन्तर्गत राष्ट्रिय महिला भलिबल प्रतियोगितालाई म्याग्दीमा सञ्चालन गर्नका लागि पहल गरिरहेको सङ्घले खेलतालिका जिल्लामा परेको खण्डमा उत्कृष्ट व्यवस्थापनका साथ सम्पन्न गर्ने बताएको छ ।



जापानमा तुफान | टोकियोको दक्षिणपश्चिम शिजुओकामा शनिबार आएको तुफान मेरी तटीय पानीमा सर्दै गर्दा किनारमा आइपुगेका छालहरू । *तस्बिरः एपी*

# सोनिया गान्धी फेरि कोरोना संक्रमित



**नयाँ दिल्ली–** भारतीय राष्ट्रिय कांग्रेसकी अन्तरिम अध्यक्ष सोनिया गान्धीलाई फेरि कोरोना संक्रमण भएकी छन् । उनी कोरोना भाइरसबाट अहिले दोस्रोपटक संक्रमित भएकी हुन् । उनी यसअघि गत जुन २ मा पनि कोरोना भाइरसबाट संक्रमित भएकी थिइन् ।

उनलाई कोभिड-१९ संक्रमण भएको शनिबार पुष्टि गरिएको अधिकारीले जनाएका छन् । उनलाई कुनै ठूलो स्वास्थ्य समस्या भने नरहेको बताइएको छ ।

नेत्री गान्धी अहिले कोरोना भाइरस नियन्त्रणसम्बन्धी नियमअनुसार घरमा छुट्टै बसेको कांग्रेस नेता जयराम रमेशले जानकारी दिए ।

उनलाई परिवारका सदस्यबाटै रोग सरेको अनुमान गरिएको छ । उनकी छोरी तथा पार्टीकी महासचिव प्रियंका गान्धी भद्रालाई संक्रमण भएको गत बुधबार पुष्टि भएको थियो ।

सोनियाका छोरा तथा पार्टीका पूर्वअध्यक्ष राहुल गान्धी पनि बिरामी हुनुभएको छ । उनी सहभागी हुने तय गरिएका कतिपय कार्यक्रम स्थगन गरिएका छन् । भारतमा पछिल्लो समय कोरोना भाइरसबाट दैनिक संक्रमितको संख्या बढ्दै गएको छ । *रासस/एएनआई*

# संयुक्त सैन्य अभ्यास गर्दै चीन र थाइल्याण्ड

**ब्याङकक–** एसिया-प्रशान्त क्षेत्रमा चीनको बढ्दो सैन्य गतिविधिलाई लिएर संयुक्त राज्य अमेरिका र उसका सहयोगी देश चिन्तित भएका बेला चीन र थाइल्याण्डले संयुक्त सैन्य अभ्यास गर्ने भएका छन् ।

संयुक्त अभ्यासका लागि चीनले आफ्ना लडाकू विमान थाइल्याण्ड पठाउने भएको छ । चिनियाँ वायुसेनाले आइतबार लडाकू र बमवर्षक विमान पठाउने सूचना सार्वजनिक गरेको छ । संयुक्त सैनिक अभ्यासमा हवाई सहयोग, स्थलगत लक्ष्यमा आक्रमण तथा सेनाको तैनाथी समावेश हुने चिनियाँ रक्षा मन्त्रालयले जनाएको छ ।

अमेरिका र चीनबीच बढ्दो रणनीतिक र आर्थिक प्रतिस्पर्धाले विश्वका विशाल अर्थतन्त्रबीचको तनावले यस्ता सैन्य अभ्यासले द्वन्द्वलाई मत्थर गर्न बल नमिल्ने विश्लेषक बताउँछन् । केही समयअघि अमेरिकी रक्षामन्त्री लोयड अस्टिनले थाइल्याण्डको



भ्रमण गरेर यस क्षेत्रमा अमेरिकी गठबन्धन र साझेदारीको अनुपम सञ्जाललाई बलियो बनाउने प्रयास गरेका थिए ।

उत्तरी थाइल्याण्डको लाओसको सीमानजिक अवस्थित उडर्न रोयल थाई एयर फोसर्कको आधार शिविरमा हुने संयुक्त अभ्यासमा दुवै देशका लडाकू विमान समावेश हुने छन् । अमेरिकाले इण्डोनेसियामा अस्ट्रेलिया, जापान, इण्डोनेसिया र सिंगापुरसँग सन् २००९ मा सैन्य अभ्यास प्रारम्भ गर्दै आएको सन्दर्भमा चीनले पनि थाइल्याण्डसँग मिलेर त्यस्तै सैनिक तालिम सुरु गर्न लागेको हो ।

एक देश दुई शासन पद्धतिअनुसार शासन व्यवस्था सञ्चालन भएको स्वशासित चिनियाँ टापु ताइवानमा अमेरिकी सभामुख न्यान्सी पेलोसीको भ्रमणपछि चीनले ताइवानको वरपरको जलक्षेत्र र आकाशमा युद्धपोत र क्षेप्यास्त्रसहित सैन्य अभ्यास गरेको थियो । *रासस/एपी*

# रूस्दी आक्रमणको इरानमा प्रशंसा

**तेहरान–** इरानीहरूले उपन्यासकार सलमान रुस्दीमाथि भएको आक्रमणको मिश्रित प्रतिक्रिया दिएका छन् । केहीले आक्रमणको प्रशंसा गरेका छन् भने केहीले चिन्ता व्यक्त गरेका छन् । इरान सरकार भने मौन रहेको छ ।

'म सलमान रुस्दीलाई चिन्दिन, तर इस्लामको अपमान गरेपछि उनीमाथि हमला भएको सुन्न पाउँदा खुसी छु,' रेजा अमिरीले भनेकी छन् । उनको पुस्तक 'सटानिक भर्सेस'ले इस्लामलाई कलंकित गरेको अमिरी बताउँछिन् । इरानका तत्कालीन सर्वोच्च नेता अयातोल्लाह रुहोल्लाह खोमेनीले उनको मृत्युका निम्ति आह्वान गरेको दशकौं पुरानो फतवाको लक्ष्यलाई आक्रमणकारीले अनुसरण गरेकामा उनी हर्षित छन् ।

भूगोल शिक्षक महशिद बारती भने रूस्दीमाथि भएको आक्रमणबाट चिन्तित छन् । विश्व समुदायबाट इरानलाई एक्लो पार्न लेखकमाथि आक्रमण भएको उनी ठान्छन् । रूस्दी आक्रमणले पश्चिमा देशहरूको प्रतिबन्ध खेपिरहेको इरानलाई रूस र चीनबाट पनि टाढा पार्नसक्ने उनलाई लाग्छ । इरानको आणविक कार्यक्रमलाई लिएर अमेरिकासहितका देशले तेहरानमाथि जारी राखेको प्रतिबन्धतर्फ संकेत गर्दै बारतीले त्यसो भनेका हुन् ।

सन् १९८० को इरान-इराक युद्धले देशको अर्थतन्त्रलाई ध्वस्त पारेपछि आफ्नो जीवनको उत्तरार्द्धतिर स्वास्थ्य जटिलता झेलेका खोमेनीले सन् १९८९ मा रूस्दीमाथि फतवा जारी गरेका थिए । सटानिक भर्सेसलाई लिएर मुस्लिम संसारमा हिंसात्मक हंगामा भएपछि उनीमाथि मृत्युदण्डको फतवा जारी भएको थियो । उक्त उपन्यासले पैगम्बर मोहम्मदको निन्दा गरेको उनीहरूको निष्कर्ष थियो ।

लेखक रूस्दीमाथि अमेरिकाको पश्चिमी न्युयोर्कमा शुक्रबार आयोजित एक प्रवचन कार्यक्रममा आक्रमण भएको हो । आक्रमणकारीले उनको घाँटी र पेटमा चक्कुले प्रहार गरेको थियो । प्रवचनका लागि मञ्चमा जान लागेका ७५ वर्षीय रूस्दीमाथि २४ वर्षीय हादी माटरले आक्रमण गरेका हुन् । उनलाई तत्काल प्रहरीले नियन्त्रणमा लिएर सुरक्षाकर्मीले अनुसन्धान थालेका छन् । आक्रमणको कारण स्पट नभएको उनीहरूले बताएका छन् ।

आक्रमणपछि हेलिकप्टरबाट तत्काल अस्पताल पुर्‍याइएका रूस्दीको भेन्टिलेटरमा राखेर उपाचार भइरहेको छ । कलेजो र पाखुराको नसा काटिएका उनले एउटा आँखाको ज्योति गुमाउनसक्ने उपचारमा संलग्न चिकित्सकले बताएका छन् । आक्रमणकारी १० देखि १५ पटकसम्म चक्कु प्रहार गरेको थियो । घाउ गम्भीर भए पनि त्यो निको हुनसक्ने प्रकृतिको भएको चिकित्सकले बताएका छन् । *रासस/एपी*

## चिनियाँ जासुस जहाजलाई श्रीलंकाको अनुमति

**कोलम्बो–** श्रीलंकाले शनिबार चिनियाँ जहाज युआन वाङ-५ (जासुसी जहाज भनेर चिनिने) हम्बनटोटा बन्दरगाहमा रहन अनुमति दिएको स्थानीय सञ्चार माध्यमले जनाएका छन् । टाइम्स अनलाइनका अनुसार श्रीलंका सरकारले युआन वाङ-५ जहाजलाई शुक्रबार बन्दरगाहमा रहन स्वीकृति दिएको छ ।

'युआन वाङ-५ अगस्ट १६ मा हम्बनटोटा अन्तर्राष्ट्रिय बन्दरगाहमा आइपुग्ने छ । अगस्ट ११ मा उक्त विमान त्यहाँ आइपुग्ने बताइएको भए पनि भारतले राष्ट्रिय सुरक्षा चासो देखाउँदै आपत्ति जनाएपछि केही दिन ढिला भएको' टाइम्स अनलाइनले जनाएको छ । *रासस/एएनआई*

# मंकीपक्सको नयाँ भेरियन्टको नामकरण

**जेनेभा–** विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ)ले मंकीपक्सको नयाँ भेरियन्टको नामकरण गरेको छ । पछिल्लो समय विश्वका धेरै ठाउँमा देखिएको मंकीपक्सको स्वरूप र चरित्र बदलिएकाले बदलिएको भाइरसको नाम पनि नयाँ राख्नुपरेको अधिकारीको भनाइ छ ।

सांस्कृतिक तथा सामाजिक कारणले मंकीपक्सलाई बेवास्ता गरिएको र यसको असर विश्वभरि बढ्दै गइरहेको पनि डब्ल्युएचओले जनाएको छ ।

विज्ञहरूको एउटा समूहले अध्ययन तथा अनुसन्धान गरेर दिएको सिफारिसका आधारमा डब्ल्युएचओले मंकीपक्सको बारेमा निर्णय गरेको हो । विज्ञहरूको सिफारिसअनुसार नयाँ भेरियन्ट पनि धेरै प्रकारका रहेको र तीमध्ये केही मुख्य भेरियन्टको नाम कंगो बेसिन क्लेड, क्लेड वान, क्लेड टु, क्लेड टुए र क्लेड टुबी रहेको जनाइएको छ । फैलिएको ठाउँका आधारमा यसको फेरियन्ट फरक-फरक भएको र नाम पनि त्यहीअनुसार फरक-फरक नै




राखिएको विज्ञको टोलीले जनाएको छ ।

मंकीपक्सको नामकरण भने यसको पहिलोपटक पुष्टि भएको बेला सन् १९५८ मै गरिएको थियो । अहिले त्यसको परिवर्तित स्वरूप फैलिँदै गएको विज्ञले बताएका छन् ।

मंकीपक्स नयाँ-नयाँ भेरियन्टका साथ विश्वका धेरै देशमा फैलिन थालेपछि विश्व स्वास्थ्य संगठनले पनि सार्वजनिक स्वास्थ्यको चुनौतीको रूपमा यसलाई घोषणा गरेको छ । *रासस/सिन्ह्वा*

# एकै वर्ष १४० राष्ट्रसंघीय सहायताकर्मी मारिए

**संयुक्त राष्ट्रसंघ–** सन् २०२१ मा संयुक्त राष्ट्रसंघका १४० सहायताकर्मीको हत्या भएको छ । राष्ट्रसंघीय निकायले शुक्रबार सार्वजनिक गरेको विवरणमा यो संख्या सन् २०२१ भन्दा अघिल्ला वर्षका तुलनामा धेरै भएको उल्लेख गरिएको छ । मारिएकाको यो संख्या सन् २०१३ पछिको सबैभन्दा धेरै भएको अधिकारीले जनाएका छन् । उनीहरूको हत्या सहायता सामग्री प्रदान गर्ने कामकै सिलसिलामा भएको पनि प्रतिवेदनमा उल्लेख गरिएको छ ।

राष्ट्रसंघको मानवीय मामिला समन्वय कार्यालयले प्रकाशित गरेको विवरणमा २०३ जना सहायताकर्मी घाइते भएका जनाइएको छ ।

सन् २०२१ मा एक सय १७ सहायताकर्मीलाई भने विभिन्न ठाउँबाट अपहरण गरिएको उल्लेख गरिएको छ । राष्ट्रसंघीय निकायले १६८ जनामाथि आक्रमण भएको पनि जनाएको छ । *रासस/सिन्ह्वा*


**बिमालेख हरायो**

मिति २०७९/०३/२१ गते, लैनचौर जाने क्रममा मेरो निम्न व्यहोरा भएको बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

नाम : सत्यम शर्मा पगेनि
बिमालेख नं : ११००५९५७८
(एल आई सि नेपाल लि.)
सम्पर्क नं : ९८५१०८३६८३

**भूल-सुधार गरिएको**

यस प्रभाव दैनिकको वर्ष ९ अंक १०९ साउन २६ गते २०७९ मा प्रकाशित भएको **DOTI OVERSEAS PVT.LTD** को Lot No. **268752** को KAIFA TECHNOLOGY MALAYSIA SDN BHD (1079115-M) फाईनल अन्तरवार्ता मितिः २०७९/०५/०२ र २०७९/०५/०३ हुनुपर्नेमा अन्यथा हुन गएकोले भूल-सुधार गरिएको जानकारी गराइन्छ ।

DOTI OVERSEAS PVT. LTD. Govt. License 1294/074/075
Airport Tilganga -09, Shambhumarga, Kathmandu Tel :9851062705
E-mail : sec.dotioverseas@gmail.com, website:www.dotioverseas.com.np

**मलेसियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी : VOHUP LEE CONCRETE WORKS SB
पुर्व स्वीकृति मिति २०७९/04/२७ | LT. No. 269340 | चलानी नं.६०१८५२३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 15 | 0 | 1500 | ४२,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः भदौ ५ गते (21st Aug. 2022)मा हुनेछ

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

MEHANDI OVERSEAS PVT. LTD. (श्रम ईजाजत नं. ११५७/०७३/०७४)
Sinamangal–9, Airport, Kathmandu, Tel:- 01 4581856
Mobile : 9851134306, Email:mehendioverseas2074@gmail.com

**वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर**

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । बीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी– विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफयाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ९६७०० | प्रति तोला – ९६२०० | प्रति तोला – १२६० |

## ‘सरकारले रासायनिक मलका लागि १६ अर्ब अनुदान छुट्याएको छ’

■ प्रभाव संवाददाता

**रूपन्देही–** गृहमन्त्री बालकृष्ण खाणले कृषि उत्पादनलाई प्राथमिकता दिँदै सरकारले झण्डै रु १६ अर्ब रासायनिक मलमा अनुदान छुट्याएको बताएका छन् । शुद्धोधन गाउँपालिका-५ मा निर्मित शुद्धोधन उद्यानको शनिबार उद्घाटन गर्दै मन्त्री खाणले कोरोना सङ्क्रमणका कारण अन्तर्राष्ट्रिय बजारमा रासायनिक मलको मूल्य धेरै पर्ने भएकाले अनुदान छुट्याएको स्पष्ट पारे ।

‘रासायनिक मल खरिदका लागि प्रक्रिया अघि बढेको छ । अन्तर्राष्ट्रिय बजारमा जति मूल्य छ त्यसैमा किन्ने हो किसानलाई महँगो पर्छ । हामी पनि किसानकै सन्तान भएकाले कृषकले उत्पादनमा अवरोध झेल्न नपरोस् भनेर प्रयत्न गरिहेको छौं, उनले भने ।

अहिले विभिन्न स्वरूपमा मल आयात भए पनि पर्याप्त नभएको उनको भनाइ छ । अहिले विभिन्न देशसँग संवाद गरिराखेकाले छिट्टै समस्या समाधान हुने उहाँले विश्वास व्यक्त गरे । ‘भारतले किनेको जति मूल्यमा हामीले ल्याउनुपर्छ । पछिल्लो समय भारत सरकारले तोकेको मूल्य बढी भएकाले खरिद गर्न सकिएको छैन । मलसम्बन्धी कारखाना खोलौं भने समय लाग्छ । कारखाना सहज छैन । ठूलो ऊर्जाको आवश्यकता पर्छ’, गृहमन्त्री खाणले भने ।




अर्को प्रसङ्गमा गृहमन्त्री खाणले नेपाली नागरिक अनागरिक बन्नुपर्ने परिस्थिति सिर्जना नहोस् भन्नका लागि सरकारले नागरिकता विधेयक ल्याएको स्पष्ट पारे । नेपाली नागरिक भएर पनि नागरिकको अधिकारबाट बञ्चित भएकाले यसलाई स्वीकृत गर्न बिलम्ब गर्न नहुने उनको भनाइ छ ।

शुद्धोधनसहित रूपन्देहीको विकास सबैको चाहना भएको उल्लेख गर्दै उनले शुद्धोधनको विकासको प्रतिफल रूपन्देहीले प्राप्त गर्नेगरी काम अघि बढाउनुपर्ने धारणा राखे । सामाजिक सांस्कृतिक सम्पदाको संरक्षण गर्नु राज्यको दायित्व भएकाले विकास निर्माण अघि बढाउँदा विभिन्न जाति, धर्म र सम्प्रदायका नागरिकको संस्कारअनुसार फरकफरक रहेकाले सोहीअनुसारको व्यवस्था मिलाउनुपर्ने बताए । ‘उद्यान विकासको अपूर्व आधारशिला हो । विकास भनेर बाटो मात्रै बनाएर हुँदैन, बाटोघाटो, नदीनाला, सिँचाइसँगै पार्कको पनि जरुरी छ’, उनले भने ।

कार्यक्रममा लुम्बिनी प्रदेशका पर्यटन, ग्रामीण तथा सहरी विकासमन्त्री डिल्लीबहादुर चौधरीले शुद्धोधनलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सहयोग गर्ने प्रतिबद्धता नाए । प्रदेशसभाका सदस्य तुल्सी चौधरी र पुष्पा थरुनीले उद्यान निर्माणमा अवरोध सिर्जना भए पनि सम्पन्न भएपछि पालिकाको पहिचान बनेको बताए ।

गाउँपालिका अध्यक्ष विष्णुप्रसाद बस्याल, उपाध्यक्ष शान्तीदेवी ज्ञवाली लगायतले उक्त उद्यानको विकास र सौन्दर्यीकरणका लागि प्रदेश र सङ्घीय सरकारको सहयोग आवश्यक रहेको बताए । गाउँपलिकाका प्रवक्ता केशवप्रसाद अधिकारीका अनुसार मानपकडीमा निर्माण गरिएको शुद्धोधन उद्यानमा जिराफ, सिंह, बाघ, चितुवा, गैडा, कङ्गारु, उट, डाइनोसरलगायत जनावर र चराका आकृतिका मूर्ति राखिएका छन् ।

किनारमा पाम ट्री, गौतमबुद्धको मूर्ति र वाटर फाउण्टेनले उद्यानलाई थप आकर्षक बनाएको छ । उद्यानको छेवैमा रहेको सुखली घोलामा बाँध बनाई पानी जम्मा गरिएको छ । उद्यान अवलोकनका लागि आउने आगन्तुकलाई त्यहाँ डुङ्गा शयर गराउने गाउँपालिकाको योजना रहेको छ । शुद्धोधन गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत झविलाल भट्टराइले रु तीन करोडको गुरुयोजना बनाएर उद्यान निर्माण गरिएको जानकारी दिए ।

## बर्डफ्लु प्रभावित किसानलाई छिट्टै राहत

■ प्रभाव संवाददाता

**काठमाडौं–** बर्डफ्लु प्रभावित किसानलाई छिट्टै राहत दिइने भएको छ । बर्डफ्लु नियन्त्रणका क्रममा नष्ट गरिएका कुखुरा एवं अन्य बस्तुको राहत दिने सम्बन्धी मापदण्ड, २०७९ ले गत वर्ष प्रभावित किसानले राहत नपाउने भएपछि यस पटक मन्त्रिपरिषद्मा निर्णय गरी राहत दिन लागिएको हो ।

मापदण्ड पारित भएपछि मात्र लागू हुने भएकाले यस अघिका प्रभावित किसानको तथ्याङ्क सङ्कलन गरी यस पटकका लागि मन्त्रिपरिषदमा लैजाने तयारी गरिएको हो । पशुसेवा विभागका सूचना अधिकारी चन्द्र ढकालका अनुसार देशभरका १६ जिल्लामा बर्डफ्लुको प्रभाव देखिएको छ ।

ती जिल्लाका प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा गठन भएको समितिले दररेट निर्धारण गर्ने छ । चार जिल्ला बाहेक अन्य जिल्लाबाट क्षतिको विवरण विभागमा पुगिसकेको ढकालले बताए । बाँकी ती जिल्लामा छिटो गर्न ताकेता गरिएको छ । बाँकी जिल्लाबाट विवरण आएसँगै विभागले कृषि तथा पशुपक्षी विकास मन्त्रालय फाइल पठाउने छ ।

ढकालले भने, ‘हामी सकेसम्म साउनमानै मन्त्रिपरिषद्मा फाइल लगेर राहत दिने गरी तयारीमा जुटेका छौं ।’ आवश्यक कागजात तयार भएकाले चार जिल्लाको क्षतिपूर्तिको विवरण आएसँगै मन्त्रिपरिषद्मा पठाउने तयारी गरिएको छ । कृषि तथा पशुपक्षी विकास मन्त्रालयले ‘ बर्डफ्लु नियन्त्रणका क्रममा नष्ट गरिएका वस्तुको राहत दिनेसम्बन्धी मापदण्ड-०७९’ पारित भएसँगै किसानलाई क्षतिको ७५ प्रतिशत राहत रकम उपलब्ध गराउने बाटो खुलेको हो । बर्डफ्लु देखिएपछि नियन्त्रणका क्रममा पक्षी, पक्षीजन्य पदार्थ र पक्षी उत्पादन सामग्री नष्ट गर्ने गरिन्छ । बर्डफ्लु नियन्त्रण नियमावली २०७८ मा राहतसम्बन्धी व्यवस्था उल्लेख भए पनि मापदण्ड स्वीकृत नहुँदा कार्यान्वयन हुन ढिलाइ भएको थियो । क्षतिको रकम निर्धारण गरी त्यसको ७५ प्रतिशत रकम राहत उपलब्ध गराउने व्यवस्था मापदण्डमा गरिएको छ ।

मापदण्डमा दररेट निर्धारण समितिले प्रत्येक आर्थिक वर्षको साउनभित्र प्रचलित बजार मूल्यका आधारमा मूल्य निर्धारण गर्ने व्यवस्था उल्लेख छ । मापदण्ड बनेसँगै क्षतिपूर्ति निर्धारण गर्ने बाटो खुलेको हो । गत वर्षको माघ ११ गते मोरङ्गो ग्रामथान गाउँपालिकामा पहिलो पटक बर्डफ्लु देखिएको थियो । ढकालका अनुसार चितवन र काठमाडौं बर्डफ्लुबाट बढी प्रभावित बनेको छ ।

बर्डफ्लुबाट रु ६५ करोड हाराहारीको क्षति भएको अनुमान गरिएको छ । सरकारले ७५ प्रतिशत क्षतिको रकम दिँदै गर्दा रु ५० करोड भन्दामाथि रकम आवश्यक पर्ने अनुमान रहेको छ । क्षतिपूर्तिका लागि सहमतिसहित थप रकम व्यवस्था गर्न मन्त्रालयले मन्त्रिपरिषद्मा प्रस्ताव लैजान लागेको हो । मापदण्ड पारित भएपछि अब भने बर्डफ्लुबाट भएका क्षतिको राहत उपलव्ध गराउन सहज हुने छ । बर्डफ्लुबाट कुखुरा मारिएको लामो समयसम्म राहत नपाउँदा किसानका खोर खाली रहेका छन् । बैंकबाट ऋण लिएर सञ्चालन भएका व्यवसायी थप प्रभावित बनेका छन् ।




प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रक : एक्सप्रेस कलर प्रेस, कार्यालय : काठमाडौं-७, सिफल, नेपाल, फोन नं. ०१-४३७३५७७, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ